# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## चौरजहारी नगरपालिका

### रुकुम (पश्चिम भाग)





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## चौरजहारी नगरपालिका

### रुकुम (पश्चिम भाग)




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## चौरजहारी नगरपालिका

### रुकुम (पश्चिम भाग)

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर

छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय, कर्णाली प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. ४७ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
चौरजहारी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
रुकुम पश्चिम भाग ।

**कैफियत सहितको राय**

हामीले चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू ५ करोड ४८ लाख ५६ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २३ लाख ९४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड १३ लाख ९९ हजार, नियमित गर्नुपर्ने रु २ करोड ७७ लाख ८० हजार र पेश्की रु ३२ लाख ८३ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु १९ करोड १३ लाख ६२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु २२ करोड ३७ लाख ६४ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(..................................)

नायब महालेखापरीक्षक

चौरजहारी नगरपालिका, रुकुम पश्चिम

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४८ | २६ | ५४८५६ | ० | ० | ० | ४८ | २६ | ५४८५६ | २३९४ | २७७८० | २१३९९ | ० | ० | ४९१७९ | ३२८३ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| चौरजहारी नगरपालिका रुकुम पश्चिम | १९१३६२ | ० | २२४५४ | १६८९०८ | ० | ५४८५६ | २२३७६४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : चौरजहारी नगरपालिका, रुकुम , चौरजहारी नगरपालिका , रुकुम पश्चिम भाग

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | गोकुल ढुङ्गेल | २०७८-६-१ | |
| कार्यालय प्रमुख | Sher Prasad Dhakal | २०७९-३-१५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | रामलाल शर्मा | २०७८-७-३० | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५४,८५६,३५१.१६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४,७८,१९,५९१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५१,२०,२९,९६६ | **चालु खर्च** | ४४,७३,९९,७११ |
| **प्रदेश सरकारबाट अनुदान** | ८,७६,७५,४९५ | **पूँजीगत खर्च** | ३७,१४,९६,०१६ |
| **राजश्व बाँडफाँट** | ८,३३,६७,८६७ | **वित्तीय/अन्य व्यवस्था** | ७,८३,९०,८६६ |
| **आन्तरिक आय** | १,७९,४०,६२८ | | |
| **अन्य आय** | १९,३४,८०,७८८ | | |
| **कुल आय** | ८९,४४,९४,७४४ | **कुल खर्च** | ८९,७२,८६,५९३ |
| **बाँकी मौज्दात** | | ४,५०,२७,७४२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | परिचय<br>**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढीकरण मार्फत स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यास संस्थागत गरी स्थानीय सरकारको सञ्चालन गर्न पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रवर्धन गर्दै स्थानीय सरकारका काममा जनसहभागिता तथा उत्तरदायित्व प्रवर्धन गरी पारदर्शिता सुनिश्चित गर्नु पालिकाको उदेश्य रहेको छ । नागरिकलाई गुणस्तरीय सेवा सर्वसुलभ रुपमा प्रदान गर्न नगपालिका क्रियाशिल छ । सभा सदस्य ७३ जना रहेको यस नगरपालिकामा १४ वडा रहेका छन् । कर्णाली प्रदेशमा अवस्थित यस पालिकाको क्षेत्रफल १०७.३८ व.कि.मी. रहेको यस पालिकाको जनसंख्या २०६८ को जनगणना अनुसार २७४३८ रहेको छ।<br>लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौंल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन ।<br>उल्लेखित कारोवारको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरुसँग मिति २०७९।०६।०७ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन् । | |
| २ | | | वित्तीय विवरण<br>**वित्तीय विवरण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाँउपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा तयार गरिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

यस वर्ष गाँउपालिकाको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) बाट देखिएको व्यहोरा र बाँकीको विवरण देहायअनुसार छन् :

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ७७,७८,०९,६१५.४० | ७२,२९,६७,४८७.४९ | | ७२,२९,६७,४८७.४९ | ६९,८७,७९,३००.६२ | | ६९,८७,७९,३००.६२ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ७३,९५,३८,०३० | ६६,८५,५६,१७४.०९ | ० | ६६,८५,५६,१७४.०९ | ६६,४४,६९,९२४.२२ | ० | ६६,४४,६९,९२४.२२ |
| ११००० कर | ११ | ९,३९,१३,१६५ | ८,६६,२०,४५३.५१ | ० | ८,६६,२०,४५३.५१ | ८,२६,४२,१६१.७२ | ० | ८,२६,४२,१६१.७२ |
| १३००० अनुदान | | ६१,५४,११,२५० | ५६,४९,३६,६२९.५० | ० | ५६,४९,३६,६२९.५० | ५६,४९,१४,५४० | ० | ५६,४९,१४,५४० |
| संघीय सरकार | १२ | ५१,१६,५५,२५० | ४७,७३,९६,५६३.५० | ० | ४७,७३,९६,५६३.५० | ४६,३७,२१,५४० | ० | ४६,३७,२१,५४० |
| प्रदेश सरकार | १२ | १०,३७,५६,००० | ८,७५,४०,०६६ | ० | ८,७५,४०,०६६ | १०,११,९३,००० | ० | १०,११,९३,००० |
| १४००० अन्य राजस्व | | १,७४,१३,६१५ | १,६४,८७,७२१.२२ | ० | १,६४,८७,७२१.२२ | १,६९,१३,२२२.५० | ० | १,६९,१३,२२२.५० |
| १५००० विविध प्राप्ति | | ८,००,००० | ५,११,३६९.८६ | ० | ५,११,३६९.८६ | ० | ० | ० |
| ३३००० दायित्व | | १,२०,००,००० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ३,८२,७१,५८५.४० | ५,४४,११,३१३.४० | | ५,४४,११,३१३.४० | ३,४३,०९,३७६.४० | | ३,४३,०९,३७६.४० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ३,८२,७१,५८५.४० | ३,५०,०२,१८१.४० | ० | ३,५०,०२,१८१.४० | ३,१६,६२,०७६.४० | ० | ३,१६,६२,०७६.४० |
| धरौटी | | ० | १,९४,०९,१३२ | ० | १,९४,०९,१३२ | २६,४७,३०० | ० | २६,४७,३०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ८०,८९,२१,०००.४० | ७०,९४,९१,२८१. | | ७०,९४,९१,२८१.५० | ७२,५२,२९,२०९.५० | | ७२,५२,२९,२०९.५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ५० | | | | | ० | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७७,०६,४९,४१५ | ६६,७३,९४,५३०.५० | | ६६,७३,९४,५३०.५० | ६९,२७,५२,६०३.५० | | ६९,२७,५२,६०३.५० | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १८,९०,३५,१९३ | १७,९५,६९,९७३ | ० | १७,९५,६९,९७३ | १५,९१,७६,३६६.५० | ० | १५,९१,७६,३६६.५० | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १८,०८,००,२२४ | १५,०१,८४,६८६ | ० | १५,०१,८४,६८६ | १२,५९,७९,६६० | ० | १२,५९,७९,६६० | |
| | | | २५००० सहायता (Subsidy) | १८ | ८६,०५,००० | ८५,३०,००० | ० | ८५,३०,००० | १,३८,०२,१७३ | ० | १,३८,०२,१७३ | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | १,९३,३८,००० | ९२,१०,६२१.५० | ० | ९२,१०,६२१.५० | १,४८,१४,३४३ | ० | १,४८,१४,३४३ | |
| | | | २८००० अन्य खर्च | १८ | २८,००,००० | २३,९१,०२० | ० | २३,९१,०२० | १७,४६,४३५ | ० | १७,४६,४३५ | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३७,००,७०,९९८ | ३१,७५,०८,२३० | ० | ३१,७५,०८,२३० | ३७,७२,३३,६२६ | ० | ३७,७२,३३,६२६ | |
| | | | ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | घ. अन्य भूक्तानी | | ३,८२,७१,५८५.४० | ४,२०,९६,७५१ | | ४,२०,९६,७५१ | ७२,५२,२९,२०९.५० | | ७२,५२,२९,२०९.५० | |
| | | | कोषहरु | | ३,८२,७१,५८५.४० | २,९५,१३,३१९ | ० | २,९५,१३,३१९ | २,५७,३०,८०२ | ० | २,५७,३०,८०२ | |
| | | | धरौटी | | ० | १,२५,८७,२८४ | ० | १,२५,८७,२८४ | ६७,४५,८०४ | ० | ६७,४५,८०४ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | -३,८५२ | | -३,८५२ | | | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | (३,११,११,३८५) | १,३४,७६,२०५.९९ | | १,३४,७६,२०५.९९ | (२,६४,४९,९०८.८८) | | (२,६४,४९,९०८.८८) | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३,३४,१२,५०६.८५ | | ३,३४,१२,५०६.८५ | ४,२८,८१,०४०.९२ | | ४,२८,८१,०४०.९२ | |
| | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | (३,११,११,३८५) | ४,६८,८८,७१२.८४ | | ४,६८,८८,७१२.८४ | १,६४,३१,१३२.०४ | | १,६४,३१,१३२.०४ | |
| | | | बैंक तथा नगद बाकी | २४ | | ४,६८,८८,७१२.८४ | | ४,६८,८८,७१२.८४ | ७७,४६,४०६.४० | | ७७,४६,४०६.४० | |
| ३ | | | **आन्तरिक नियन्त्रण तथा स्थानीय संचित कोषको व्यहोरा** | | | | | | | | | |
| ३.१ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74 (2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २६ ऐन, ९ नियमावली, ५५ कार्यविधि ११ निर्देशिका र ३ नीति २ मापदण्ड १९ अन्य समेत १२५ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ बमोजिम पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>· निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>· पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई जिन्सी सामान वितरण गरेको पाईयो ।<br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>· पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मासो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.२ | | | **स्थानिय संचित कोष :** स्थानीय सञ्चित कोषको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् : स्थानीय तहको एकिकृत वित्तीय विवरणले सो पालिका भित्रको सम्पूर्ण आय र व्ययको यथार्थ चित्रण गर्ने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत हुने निकासा लगायतका सम्पूर्ण आय व्यय समावेश नगरेको देहाय अनुसार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीको आय व्यय विवरण र एकिकृत आय व्यय विवरणमा फरक परेको छ। | |
| ३.३ | | | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत् भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा अध्यक्ष श्री विशाल शर्माले मिति २०७८।३ ०९ गते रु.५८ करोड ६५ लाख ६९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।११। मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६/३/१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ | |
| ३.४ | | | **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ।नगरपालिकाले यस वर्षको समपुरक,वित्तीय सामानिकिकरण अनुदान,विशेष अनुदान र आन्तरिक आय तर्फको कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । कानुनमा तोकिए बमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ। | |

Table within ३.२:

| विवरण | म ले प फा न २७२ अनुसार | एकिकृत आय व्ययअनुसार | फरक |
|---|---|---|---|
| गत वर्षको अल्या | ३३४१२५०६ | ४७८१९५९१ | १४४०७०८५ |
| यस वर्षको आय | ७२२९६७४८७ | ९०७३७९७४४ | १८४४१२२५७ |
| यस वर्षको खर्च | ६६७३९४५३० | ८९७२८६५९३ | २२९८९२०६३ |
| बाँकि मौज्दात | १७०८७४३६ | ४५०२७७४२ | २७९४०३०६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३.५</td><td></td><td></td><td>उपभोक्ता समिति दर्ता नभएकोः संस्था दर्ता ऐन, २०३४ दफा ३ अुनसार कुनै पनि सस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाइं बजेट परेको आधारमा पटके वा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुँदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाइं हुने भएकोले स्थायी सयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>३.६</td><td></td><td></td><td>बैक हिसाब मिलान : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । पालिकाको निम्नानुसार खातामा आर्थिक वर्षको अन्त्यमा श्रेस्ता अनुसार रु ४५०२७७४२ र वैंक स्टेटमेन्ट अनुसार रु ४५०२७७४२ रहेको नगरपालिकाले पेश गरेको विवरणमा देखिन्छ। नगरपालिकाले हिसाव मिलान विवरण तयार गरी फरक परे कारण सहित हिसाव मिलान तयार गरिनु पर्दछ ।
<table>
<tr><th>क्र.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>संचित कोष खाता</td><td>१७०८७४३६</td><td>१७०८७४३६</td><td>०.00</td></tr>
<tr><td>२</td><td>पुँजिगत खर्च खाता</td><td>०.00</td><td>०.00</td><td>०.00</td></tr>
<tr><td>३</td><td>चालु खर्च खाता</td><td>०.00</td><td>०.00</td><td>०.00</td></tr>
<tr><td>४</td><td>धरौटी</td><td>२१७३५४१९</td><td>२१७३५४१९</td><td>०.00</td></tr>
<tr><td>५</td><td>विविध खर्च खाता</td><td>२७७३५०४</td><td>२७७३५०४</td><td>०.00</td></tr>
<tr><td>६</td><td>प्रकोप व्यवस्थापन कोष खाता</td><td>34३१३८३</td><td>34३१३८३</td><td>०.00</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४५०२७७४२</td><td>४५०२७७४२</td><td>०.00</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३.७</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण शाखा: प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३.८</td><td></td><td></td><td>सोझै खरिद : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु ५ लाखदेखि रु २० लाखसम्मको खरिद कार्य सिलबन्दी दरभाउपत्र र सोभन्दा बढीको बोलपत्रबाट गर्नुपर्ने व्यवस्था छ यस पालिकाले बिभिन्न ल्यापटप तथा प्रिन्टर खरिद कार्यहरु रु ५ लाख भन्दा कमको लागत अनुमान तयार गरी ३ वटा कोटेशन लिई सोझै खरिद सम्झौता गर्ने गरेको देखियो । उस्तै प्रकृतिका कार्यहरुलाई एउटै प्याकेज बनाई प्रतिस्पर्धा सुनिश्चितता हुने गरी कार्य गर्न सकिनेमा सो अनुसार भएको नदेखिएकोले टुक्रा पारी खरिद गर्ने कार्य नियन्त्रण गरिनु पर्दछ। केही उदाहरणहरु निम्नानुसार छनः
<table>
<tr><th>सि.न</th><th>फर्मको नाम</th><th>कार्यको विवरण</th><th>भ्याट दर्त्ता नम्बर</th><th>पटक खरिद</th><th>रकम</th></tr>
<tr><td>१</td><td>हिमालि अफसेट प्रेस हिमली व्यवसायीइन्टरप्राइजेज एण्डसप्लार्स</td><td>मसलन्द सम्बन्धी</td><td>३०३१९०३३६</td><td>२</td><td>८८७१४०</td></tr>
<tr><td>२</td><td>राप्ति विउ भण्डार</td><td>कृषि विउ विजन सम्बन्धी</td><td>३०५८४५८३८</td><td>३</td><td>८३६३५०</td></tr>
<tr><td>३</td><td>मो सलिम फर्निचर उद्योग</td><td>फर्निचर तथा फिक्चर्स</td><td>३००७३९०४८</td><td>१</td><td>४४२४००</td></tr>
<tr><td>४</td><td>टेक्नोलिकंक इन्टरप्राइजेज</td><td>कम्प्यूटर सम्बनन्धि</td><td>३०३६७७०९५</td><td>२</td><td>९१५३६८</td></tr>
<tr><td>५</td><td>कुदुभ्याली इन्टरप्राइजेज एड सप्लायर्स विजय निर्माण सेवा</td><td>मसलन्द सम्बन्धी</td><td>६१०५१८३२</td><td>१</td><td>३७९०००</td></tr>
<tr><td>६</td><td>अमर छापाखाना उद्योग तथा सप्लार्स</td><td>मसलन्द सम्बन्धी</td><td>६०३४६३०३५</td><td>२</td><td>७८५०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३.९</td><td></td><td></td><td>गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । नगरपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुनेकुनै पनि सामानको गुणस्तर परीक्षण गरेको पाइएन। निर्माण सामग्रीको गुणस्तर परीक्षणको व्यवस्थापन गरी गुणस्तरीय पूर्वाधार निर्माण गर्न पालिकाले अग्रसरता लिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **प्रगति लगायतका व्यहोरा** | |
| ४.१ | | | **प्रगति विवरण –** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (३) मा गाँउपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति विवरण १५ दिन भित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था छ । चौमासिक प्रगति विवरण तयार भएको देखिएन । प्रगति विवरण तयार नगरेबाट भए गरेको खर्चको यथार्थ विवरणको जानकारी नहुने देखिन्छ । गाँउपालिकाले कानूनमा व्यवस्था भएअनुसार तोकिएको समयमा प्रगति विवरण तयारी गरी पेश हुनु पर्दछ । | |
| ४.२ | | | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषय र क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा नगपालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ। | |
| ४.३ | | | **आय व्यय विवरण सार्वजनिक नगरेको** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (४) मा कार्यलयले आफ्नो आय व्ययको विवरण प्रत्येक महिनाको ७ गते भित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आय व्यय विवरण सार्वजनिक नगर्दा मासिक आय र व्ययको यथार्थता एकीन गर्ने कार्यमा असर पर्नुको साथै पारदर्शिता नहुने देखिन्छ । आय र व्ययको मासिक विवरण तयार गरी प्रत्येक महिनाको सात गते भित्र सार्वजनिक गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.४ | | | **वजेट तथा खर्चः** नगरपालिकाको आर्थिक वर्ष २०७८।७९ को वजेट रु .५८ करोड ६५ लाख ६९ हजारको मिति २०७८।०३।९ मा पेश भई २०७८।३।११ सभावाट अनुमोदन तथा स्वीकृत भई अन्त्यसम्म रु.६६ करोड ७३ लाख ९४ हजार खर्च भएको छ । कुल वजेट मध्ये यस वर्ष आर्थिक तथा पुर्वाधार विकासमा २२.१५ प्रतिशत तथा सामाजिक, सँस्थागत विकास लगायत खर्चमा ७७.८५ प्रतिशत खर्च भएको छ । | |

| क्र. स. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५०४०३९७० | ३९००३८२२ | ७७।३८ |
| २ | पूर्वाधार विकास | १२७८१८७५७ | १०८८४७०५६ | ८५।१६ |
| ३ | सामाजिक विकास | ४२०८२९९४९ | ३८४५१७९८४ | ९१।३७ |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ९०९७५०० | ७८६५०३६ | ८६।४५ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १६२४९९२३९ | १२७१६०६३२ | ७८।२५ |
| **जम्मा** | | **७७०६४९४१५** | **६६७३९४५३०** | **८६।६०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.५ | | | **स–साना योजना छनौट :** स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा ७१ मा योजना तथा कार्यक्रम सहितको आय व्ययको बजेट सभाले पारित गर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष सभाले पारित गरेका ११९ वटा योजना मध्ये ९९ वटा योजना ५० लाख भन्दा कमका योजनाहरु छनौट भएको देखिन्छ ।यसरी स – सना योजनाहरु छनोट हुँदा बढी प्रतिफल दिन नसक्ने, दिगो योजनाहरु कार्यान्वियन नहुने, प्रभावकारी अनुगमन नहुने प्रशासनिक खर्च बढी हुने तथा दिगो एव गुणस्तरिय विकासमा वाधा पुग्ने र समग्र योजना कार्यान्वियनमा् समेत समस्या हुने देखिन्छ ।पालिकाबाट योजना छनोट गर्दा उत्पादन र उत्पादक्त्व बढ्ने तथा आम नागरिकको जिवनस्तर माथि उकास्ने योजना तथा कार्यक्रम सञ्चालन गरिनु पर्दछ। पालिकाले धेरै प्रतिफल दिनसक्ने ठुला योजनाहरु छनौट गरी योजनाको दिगोपनामा जोड दिइ धेरै स–साना योजना छनौट गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।यस वर्ष नगरपालिकाले सञ्चालन गरेका टुक्रे योजनाको विवरण निम्न छन । | |

| क्र.सं | योजनाहरु | जम्मा संख्या | विनियोजित रकम | खर्च रकम | |
|---|---|---|---|---|---|
| १ | १ लाख देखि ५ लाख सम्मका योजनाहरुको संख्या | 37 | 9836581.00 | 9236000.00 | |
| २ | ५ लाख देखि १० लाख सम्मका योजनाहरुको संख्या | 26 | 18949515.00 | 1854915.00 | |
| ३ | १० लाख देखि २० लाख सम्मका योजनाहरुको संख्या | 16 | 27030000.00 | 25020000.00 | |
| ४ | २० लाख देखि ५० लाख सम्मका योजनाहरुको संख्या | 20 | 63370000.00 | 60500000. | |
| ५ | ५० लाख भन्दा माथिका योजनाहरुको संख्या | 20 | 168187676.00 | 151687000.00 | |
| | **जम्मा** | **119** | **287373772.00** | **248297915.00** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.६ | | | **चौमासिक खर्च:** वार्षिक कार्यवोझलाई सरल रुपमा सम्पन्न गर्न चौमासिक रुपमा कार्यलक्ष्य तथा कार्यक्रम तयार गरी सम्पन्न गर्नु पर्दछ । नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । विवरण अनुसार चौमासिक खर्च प्रणाली तेश्रो चौमासिक र वर्षान्तमा धेरै रहेको छ । तेश्रो चौमासिक तथा आषाढ मसान्तमा हतारमा काम सम्पन्न गर्दा गरेको कार्य गुणस्तरीय र दिगो नहुन सक्दछ । चौमासिक रुपमा कार्यलक्ष्य तय गरी सोहि अनुसार समयमा कार्यसम्पन्न गरी प्रगति हासिल गर्नु पर्दछ ।<br><table><tr><th rowspan="2">क्र.स.</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr><tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr><tr><td>१</td><td>चालू खर्च तर्फ</td><td>३४८८०७४३२</td><td>७०५०८१६६</td><td>११६६०४२६४</td><td>१६१६९५००२</td><td>५६५०१९९७</td></tr><tr><td>२</td><td>पूँजिगत खर्च तर्फ</td><td>३२०४३५८८८</td><td>४५००००</td><td>६८८९१२०९</td><td>२५१०९४६७९</td><td>१५५८२९६७८</td></tr><tr><td></td><td>जम्मा</td><td>६६९२४३३२०</td><td>७०९५८१६६</td><td>१८५४९५४७३</td><td>४१२७८९६८१</td><td>२१२३३१६७५</td></tr><tr><td></td><td>प्रतिशत</td><td>१००</td><td>१०.६</td><td>२७.7</td><td>६1.68</td><td>31.73</td></tr></table><br>नगरपालिकाले उपलब्ध गराएको शुत्र प्रणालीको विवरणअनुसार बार्षिक रु. ६६,९२,४३,३२०।०० निकासा भएकोमा प्रथम चौमासिकमा रु. ७०,९५,८१,६६।०० अर्थात १०.६० प्रतिशत, दोश्रो चौमासिकमा २७.७० प्रतिशत रु.१८,५४,९५,४७३।००, तेश्रो चौमासिकमा ६१.६८ प्रतिशत रु. ४१,२७,८९,६८१।०० र आषाढ महिनामा ३१.७३ प्रतिशत रु. २१,२३,३१,६७५।०० खर्च भएको देखिएको छ । तेश्रो चौमासिक र असार महिनामा कुल खर्च बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन ।स्वीकृत बजेट तथा कार्यक्रम प्राप्त भए पछि प्रथम चौमासिक भित्र खरिद सम्झौता नगरी आर्थिक वर्षको अन्त्यमा मात्र काम गराउँदा कामको गुणस्तरमा समेत प्रतिकुल असर पर्न सक्ने हुँदा नियमानुसार समयमा नै सम्झौता गरी कार्यतालिका अनुसार समयमानै निर्माण कार्यक्रम सञ्चालन गरिनु पर्दछ। | |
| ४.७ | | | **सेवा करार** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा कार्यालयले रु १ लाख रुपैंया भन्दा बढी शुल्क लाग्ने सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग प्रतिस्पर्धाको आधारमा प्रस्ताब माग गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । सो बिपरीत नगरपालिकाले नगर प्रहरी, सवारी चालक,कार्यालय सहयोगी,प्राविधक कर्मचारी, स्वास्थ्यकर्मी लगायतका विभिन्न ११३ जना कर्मचारी सोझै वार्ताद्धारा नियुक्ती गरी रु.१५४०००००।०० खर्च लेखेको पाइयो । नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पूरा गरी प्रतिस्पर्धात्मक मुल्यमा सेवा करार लिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४.८ | | | **न्यायीक समिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ रहेको र यो बर्ष थप भएको ७४ विवाद दर्ता भएकोमा ६१ वटा मात्र फछ्र्यौट भई १५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **कार्यक्रम सम्बन्धमा**<br><br>**प्रधानमन्त्री रोजगार कार्यक्रम** :कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना(सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को दफा ६ अनुसार स्थानिय तहले पुर्ण रुपमा ज्यालामा आधारित भई दफा ५ अनुसार प्राथमिकीकरण सहित एक सय दिनको रोजगारी सुनिश्चितता हुने गरी दफा ४ वमोजिमका आयोजना छनौट तथा कार्यान्वयन गर्नु पर्दछ । आर्थिक वर्ष २०७८।७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ रु ३,४९,३२,०००।०० विनियोजन भएकोमा ५९ आयोजना सञ्चालन गरी रु.३३७७२४२२ खर्च गरी ५८७ जनालाई ५८२४९ दिन अर्थात प्रतिव्यक्ति औसत ९९.२ दिन रोजगारी प्रदान गरेको छ । आंशिक रुपमा कार्यक्रम सञ्चालन गरेको देखिए पनि न्यूनतम १०० दिन रोजगारी प्रदान गरेको देखिएन । आगामी दिनमा कार्यक्रम सञ्चान गर्दा वास्तविक वेरोजगार श्रमिकको छनौट गर्ने,दिगो र उत्पदानमा आधारित कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।<br><br>**मुख्यमन्त्री रोजगार कार्यक्रम :**मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को वुँदा नं ३ मा उल्लेखित उद्देश्य प्राप्त गर्न वुँदा नं ४ मा उल्लिखत प्रावधानमा रहि अनुसुचि १ अनुसार ९ क्षेत्रमा सञ्चालन हुने आयोजना ६० प्रतिशत श्रममा आधारित रहि रोजगारीका अवसर श्रृजना गर्नु पर्ने व्यवस्था छ । पालिकाले स्विकृत गरेको कार्यक्रम सम्पन्न गर्न स्विकृत भएको लागत अनुमान अनुसार ३० प्रतिशत भन्दा वढी हुने गरी पूँजिउन्मुख मालसामान खरिद, स्क्याभेटर प्रयोग, सवारी साधन प्रयोग गरी ढुवानी गर्ने जस्ता कार्य तथा खरिद समावेश भएको देखियो । जसले वास्तविक रोजगारी श्रृजना नभई उपभोक्ता समितिले पूँजिगत प्रकृतिका कार्य गर्न सहायक रुपमा ठेक्का व्यवस्थापन गरी कार्य सम्पन्न गरेको व्यहोरा विलभरपाई परिक्षणवाट देखिन्छ । साथै उपभोक्ता समितिले पेश गरेका विलभरपाईमा उल्लेखित पूँजिगत सामानको मुल्य नगरपालिकाको दररेट भन्दा वढी उल्लेख भएको तथा प्रयोग गरेको परिमाण समेत नापि कितावसँग भिडान हुने देखिदैन । कार्यक्रम सञ्चालन गर्न यस वर्ष रु. २,४७,३९,०००/- बजेट विनियोजन भएकोमा रु.२४४४०१२८/- खर्च गरी यस वर्ष १९ वटा योजना मार्फत २७९ जनालाई रोजगारी प्रदान गरेको नगरपालिकाले जनाएको छ। कार्यक्रम संचालन गर्दा वास्तविक बेरोजगार श्रमिक छनौट गरी दीगो उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम छनौट गर्नुपर्दछ ।<br><br>**सार्वजनिक सुनुवाइ** :स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने गरी कार्यविधिले व्यवस्था गरेको छ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ६ | | | **पूर्व निधारित क्षतिपूर्ति र लागत अनुमान**<br><br>**पूर्व निर्धारित क्षतिपुर्ति**:- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ मा खरिद सम्झौतामा पूर्व निर्धारित क्षतिपूर्तिका सम्बन्धमा देहायको व्यवस्था गर्न सकिनेछः- (क) आपूर्तिकर्ता,परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यावसायीको ढिलाइको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएकको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौताको रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्ना दशमलव पाँच प्रतिशत पूर्व निर्धारित क्षर्तिपूर्ति दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले सरस्वती मा.वि. परेली चौरको ८ कोठे पछि घर निर्माण गर्न सुवर्णमति कन्स्ट्रक्सन प्रा.लि.संगै २०७८।८।२३ मा रु ९७९३५९१.६६ (मु.अ.कर समेत ) मा २०७९।२।१५ मा सम्पन्न हुने गरी सम्झौता गरेकोमा २०७९।३।१७ मा कार्य सम्पन्न गरेको पाइयो । म्याद थप नगरी भुक्तानी गरेको रु ९७९३४४३/- नियमित मान्न सकिएन नगरपालिकाले मटेला वडा नं १० र १३ जोड्ने झो पु र सेतोखोला चौरजहारी ६ र ७ झौ.पु. फेब्रिकेशन पार्टस खरिद वापत इन्टरटेक प्रा.लि संग २०७८।७।६ मा सम्पन्न गर्ने गरी २०७८।६।६ मा सम्झौता गरी कार्यदेश दिएकोमा २०७८।११।१५ मा मात्र प्राप्त गरी भेरिएशन सहित रु २५१५२१७/-लाई भुक्तानी गरेके पाइयो । म्याद थप वेगर भुक्तानी गरेके कार्यलाइ नियमित मान्न सकिएन् ।<br><br>**ड्रइङ डिजाइन र लागत अनुमान**:- सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ क को उपदफा (२) मा दफा ४ बमोजिमको विवरण र दफा ५ बमोजिमको लागत अनुमान तोकीए बमोजिमको विशेष कारण परी संशोधन गर्नु परेमा बाहेक एकपटक स्वीकृत भएको डिजाइन वा लागत अनुमानमा संशोधन गर्नु पर्दा त्यस्तो संशोधन शुरुको लागत अंकमा पच्चिस प्रतिशत भन्दा बढी फरक परेमा वा त्रुटीपुर्ण डिजाइन गरेको वा लागत अनुमान तयार,जांच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानुन बमोजिम कारबाही भाग्दार हुने व्यवस्था छ । झोलुङ्गे पुलहरुको ड्रइङ्ग डिजाइनिङ्ग नक्सा तयार तथा लागत अनुमान गणना गर्ने जस्तो सरकारी संस्थाको रुपमा दर्ता भएको सेवा प्रतिष्ठान नेपाल (service foundation Nepal) संलग्न हुने गरेको पाइन्छ । नगरपालिकाले निर्माण गराउने झुलङ्गे पुलहरुको सम्पुर्ण प्राविधिक पक्ष ड्रइङ्ग डिजाइनिङ्ग नक्सांकन र लागत अनुमान गणना गर्दा सेवा प्रतिष्ठान नेपालले तयार गरेके सेती खोला दोस्रो चौरजहारी ६ र ७ वडा जोड्ने झोलुङ्गे पुलको लम्बाई २८ मिटर कायम गरी फेब्रिकेशन पार्टस खरिद सम्झौता गर्दा २८ मि का लागि आवश्यक बि ओ क्यु बमीजिम रु १०४००६१.१२ रहेकोमा उक्त सेवा प्रतिष्ठान नेपाल २०७८।११।१८ पत्र अनुसार रु ११७७३७८।४० कार्यम गरी रु १५४०३८।५३ बढी फेब्रिकेशन पार्टस आपुर्ति गरेको पाइयो । साथै साम्चा खोला झोलुङ्गे पुलका लागि रु ११७६३९९।०६ मा सम्झौता गरी २०७८।११।३० मा भेरिएशन स्वीकृति गरि रु १३३०४३७।५९ को फेब्रिकेशन पार्टस २०७८।११।१५ मै प्राप्ति गरी सकेको पाइयो । घटी रकमको बी ओ क्यु अनुसार आपुर्तक इन्टर टेक प्रा लि संग २०७८।६।६। मा सम्झौता गराइ २०७८।११।१५ मै समान प्राप्ति गरी सकेपछि सेवा प्रतिष्ठान नेपालको २०७८।११।१८ मा मात्र बन्न लागेको झोलुङ्गे पुलको लम्बाइ वृद्धि गराउन नगरपालिकालाई पत्र लेखि २०७८।११। ३० मा नगरपालिकाले भेरिएशन स्वीकृति गरी रु २५१५२७१। फेब्रिकेशन पार्टस र २०७९।३।२ मा सेवा प्रतिष्ठान नेपाललाई परामर्श सेवा शुल्क वापत रु २१९३९६। भुक्तानी गरेको कार्यलाई कानुनसम्मत मान्न सकिएन । प्राविधिक कार्यमा सलग्न रहने अप्रविधिक प्रकृतिको क्रियाकलापमा संलग्न हुनुपर्ने गैर सरकारी संस्था सेवा प्रतिष्ठान लाइ ऐनको दफा ५ क(२) बमोजिम कारवाही गर्नुपर्ने देखिन्छ । | |
| ७ | | | **आन्तरिक आय तथा अनुदान** | |

| ७.१ क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **आन्तरिक आय :** नगरपालिकाले यस वर्ष रु २ करोड ३६ लाख राजश्व आम्दानी प्राप्त गर्ने लक्ष्य लिएकोमा निम्नानुसार रु १,७९,४०,६२८।३१ प्राप्त गरेको छ ।उक्त आम्दानीमा ३ नगरवस सञ्चालनवाट प्राप्त रु ५१,९१,९१०, २ एम्वुलेन्स सञ्चालनवाट रु ७,५३,०००।०० समावेश रहेको छ । केन्द्रिय लेखाको लेखाङ्कन प्रणाली र सफ्टवेयरको आम्दानी विवरण दैनिक, साप्ताहिक, मासिक र वार्षिक रुपमा समेत रिकन्साइल गर्ने गरेको देखिएन । यसबाट कुल आयको वास्तविक अवस्था यकिन नहुने, वैंक सफ्टवेयर र खातामा देखाएको आम्दानीमा फरक पर्ने जस्ता अवस्था भई आय लेखाङ्कन वास्तविक नहुने देखिन्छ । निश्चित अवधि भित्र अनिवार्य रिकन्साइल गरी आय चुहावट भए नभएको पत्ता लगाई आय रकम यकिन गरी लेखाङ्कन गर्ने प्रणाली विकास गर्नुपर्दछ । | |

| सि.न | आय शिर्षक | नगरपालिकाको अनुमान | प्राप्त अनुमान | आम्दानि अनुमानको तुलनात्मक प्रतिशत(प्राप्त आम्दानि अनुमान | | |
|---|---|---|---|---|---|---|
| १ | सम्पतिकर/वहाल पट्टा | 2,500,000.00 | 207,009.00 | 8.28 | | |
| २ | घरबहाल कर | 750,000.00 | 281,478.00 | 37.53 | | |
| ३ | सवारी साधन कर | 250,000.00 | 240,000.00 | 96.00 | | |
| ४ | अन्य प्रशासनिक सेवा सुल्क | 1,000,000.00 | 1,308,996.50 | 130.90 | | |
| ५ | शिक्षा क्षेत्रको आम्दानी | 100,000.00 | 40,000.00 | 40.00 | | |
| ६ | परिक्षा शुल्क | 50,000.00 | 59,200.00 | 118.40 | | |
| ७ | नक्सा पास दस्तुर | 600,000.00 | 313,595.00 | 52.27 | | |
| ८ | सिफारिस दस्तुर | 500,000.00 | 1,211,689.00 | 242.34 | | |
| ९ | यातायात क्षेत्रको आम्दानी | 5,000,000.00 | 5,193,110.00 | 103.86 | | |
| १० | अन्य क्षेत्रको आय | 2,500,000.00 | 1,919,114.72 | 76.76 | | |
| ११ | व्यक्तिगत घटना दर्ता | 400,000.00 | 255,900.00 | 63.98 | | |
| १२ | मालपोत | 3,000,000.00 | 2,132,683.23 | 71.09 | | |
| १३ | प्रशासनिक दण्ड/जरिवाना | 550,000.00 | - | 0.00 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | १४ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | 200,000.00 | 120,000.00 | 60.00 | |
| | | | १५ | कृषि तथा पशु सेवा सुल्क | 50,000.00 | 56,000.00 | 112.00 | |
| | | | १६ | वहाल विटौलिकर प्रति ऐलानि | 500,000.00 | 15,418.00 | 3.08 | |
| | | | १७ | नाता प्रमाणित | 200,000.00 | 60,865.00 | 30.43 | |
| | | | १८ | अन्य दस्तुर | 100,000.00 | 406,249.00 | 406.25 | |
| | | | १९ | अन्य राजश्व | 300,000.00 | 937,491.00 | 312.50 | |
| | | | २० | वेरुजु | 800,000.00 | 511,369.86 | 63.92 | |
| | | | २१ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | 100,000.00 | 50,000.00 | 50.00 | |
| | | | २२ | अन्य मनोरन्जन कर | 50,000.00 | - | 0.00 | |
| | | | २३ | अखेटोपहारमा लाग्ने कर | 200,000.00 | 150,000.00 | 75.00 | |
| | | | २५ | अन्य विक्रिबाट प्राप्त | 800,000.00 | 930,000.00 | 116.25 | |
| | | | २६ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | 1,200,000.00 | 1,199,560.00 | 99.96 | |
| | | | २७ | धरौटी सदरस्याहा | 800,000.00 | - | 0.00 | |
| | | | २८ | व्यवसाय कर | 1,000,000.00 | 327,400.00 | 32.74 | |
| | | | २९ | न्यायिक दस्तुर | 100,000.00 | 13,500.00 | 13.50 | |
| | | | जम्मा रकम | | 23,600,000.00 | 17,940,628.31 | 76.02 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.२ | | | नगरपालिकाले आर्थिक (विधेयक) ऐन, २०७८ सभाबाट पारित गरी कार्यान्वियनमा ल्याएको छ । विधेयक अनुसार मालपोत तथा भूमिकर, सम्पत्ति कर, वहाल कर, व्यवसाय कर, जडिबुटी, कवाडी तथा जीवजन्तु कर, सवारी साधन कर लगायतका कर तथा दस्तुर संकलन गर्दै आएको छ । नदि जन्य प्राकृतिक श्रोतको आम्दानीको लागि पटक पटक वोलपत्र आह्वान गरेको भए पनि वोलपत्र पेश नभएकोले उपलव्ध जनशक्ति परिचालन गरी रु २२,०६५,१६।०० आम्दानी गरेको अवस्था रहेको छ । उपयुक्त विधि अवलम्वन गरी नदिजन्य वस्तु विक्री गरी वास्तविक आम्दानी प्राप्त गर्नु पर्दछ । साथै आन्तरिक आम्दानीको क्षेत्र विस्तार गरी दायरा फराकिलो गराउनु पर्दछ ।<br><br>**आर्थिक सहायता**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस नगरपालिकाले स्वास्थ्य उपचार तथा विभिन्न प्रयोजनको लागि यो वर्ष ३ जना व्यक्तिहरुलाई रु.१५००००.०० नगद आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।<br><br>**अनुदानको अनुगमन**– सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । नगरपालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु.९०००००.०० तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु.२०००००० गरी रु.२९०००००० खर्च लेखेको छ । तर नगरपालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ८ | | | **बिमा सम्बन्धमा** | |
| ८.१ | | | **वीमा नगरेको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा दश लाख रुपैया भन्दा वढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले वीमा गराउनुपर्ने व्यवस्था छ । निम्न निर्माण व्यवसायीले गरेको निर्माण कार्यको विमा गरेको देखिएन ।लागत अनुमान तयार गर्दा गर्दा परिमाण सुचीमा समावेश नगरेको तथा समावेश गरेका विमाको बीमा नगराई कार्य सम्पन्न गरेको देखिन्छ । निर्माण कार्यको वीमा नहुदा निर्माण अवधिका हुन सक्ने सम्भावित जोखिम वहन नहुने देखिन्छ । नियममा व्यवस्था भए अनुसार निर्माण कार्यको जोखिम वहन गर्नका लागी अनिवार्य वीमा गराउनु पर्दछ । | |

| सि.न | ठेक्का नं. | विवरण | लागत अनुमान | सम्झौता रकम | | |
|---|---|---|---|---|---|---|
| ३ | CJM/WORKS/SBQ/01/078/079 | स्वस्थ्य चौकी पर्खाल f | 1,956,215.00 | 1,953,629.00 | | |
| ४ | CJM/WORKS/NCB/01/078/079 | हिमालयन मावि | 5,889,034.18 | 3,467,562.58 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | CJM/WORKS/NCB/02/078/079 | हिमालयन मावि | 6,093,210.91 | 3,540,928.41 | | | |
| | | | | | | | |
| ६ | CJM/WORKS/NCB/03/078/079 | खहरे मा वि | 13,157,613.82 | 8,911,561.52 | | | |
| ७ | CJM/WORKS/NCB/04/078/079 | सरस्वती मा वि | 13,107,888.01 | 9,793,591.66 | | | |
| ८ | CJM/WORKS/NCB/05/078/079 | विच कटैया आ वि | 13,435,931.48 | 9,038,672.25 | | | |
| ९ | CJM/WORKS/NCB/06/078/079 | रातामाटा आ वि | 13,463,559.28 | 9,039,313.28 | | | |
| १० | CJM/WORKS/NCB/07/078/079 | कोटजहारी मा.वि | 13,591,390.32 | 8,517,435.78 | | | |
| ११ | CJM/WORKS/NCB/08/078/079 | विसन चौर आ वि | 13,596,699.28 | 8,181,071.05 | | | |
| १२ | CJM/GOODS/NCB/01/2078/079 | नगर वस खरिद | 10,000,000.00 | 9,850,000.00 | | | |
| १३ | CJM/GOODS/NCB/02/078/079 | पाइप | 4,000,049.21 | 3,981,286.06 | | | |
| १४ | CJM/WORKS/NCB/09/078/079 | खानेपानी योजना पाखापानी | 15,429,669.70 | 7,965,243.00 | | | |
| १५ | CJM/WORKS/NCB/10/078/079 | झापे खानेपानी योजना | 5,935,677.48 | 4,135,503.19 | | | |
| १६ | CJM/WORKSS/NCB/11/078/079 | सडक वत्ती | 2,584,298.94 | 1,511,962.49 | | | |
| १७ | CJM/WORKS/NCB/12/078/079 | तिर्से खोला सडक | 3,226,838.16 | 3,190,950.17 | | | |
| १८ | CJM/WORKS/NCB/13/078/079 | खहरे मा.वि फिल्ड | 3,056,340.00 | 2,907,402.06 | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८.२</td><td></td><td></td><td>पशु बिमा वेगर अनुदान :- कृषि तथा पशु पालन कार्यमा संलग्न कृषकहरुको जोखिम न्युनिकरण गरी कृषि तथा पशुपालन कार्यलाई प्रोत्साहित गर्न नेपाल सरकारले ८०% कृषि तथा पशु सेवा बिमा प्रिमियममा अनुदान दिने व्यवस्था गरेको छ । नगरपालिकाले संचालन गर्ने कार्यक्रममा पशु वीमा गराएर मात्र पशुपालन वापतको अनुदान उपलब्ध गराउनु पर्नेमा देहायका क्रियाकलापमा अनुदान वितरण गर्दा पशु बीमा गराएको पाइएन:-<br>
<table>
<tr><th>सि नं</th><th>गो भौ नं मिति</th><th>विवरण</th><th>संस्था/उ.स.को नाम</th><th>भुक्तानी रकम रु</th><th>वीमाको अवस्था</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>४१-०७८।११।२९</td><td>बाख्राको साना कृषि पकेट केन्द्र स्थापना</td><td>विजयश्री दलित टोल आय आर्जन समुह</td><td>९७३०००/-</td><td>२ बाख्राको वीमा छुट</td><td>६० बाख्रा र १ वोयर बोका</td></tr>
<tr><td>२</td><td>७६-०७९।१।१४</td><td>बाख्राको साना व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट विकास</td><td>माल्यासिम लक्ष्मी बाख्रा फार्म</td><td>३१३५००</td><td>पशु वीमा नभएको</td><td>१ वोयर बोका र १३ बाख्रा</td></tr>
</table>
पशुपालनका लागि पशुधन वितरण गर्दा पशु विमा गराइ अनुदान वितरण गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **विमा गराउनुपर्ने**<br>**वीमा गराउनुपर्ने** :- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ को उपनियम(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक दश लाख रुपैयाँ भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले तोकीएको बीमा गराउनुपर्ने व्यवस्था छ ।नगरपालिकाले अधिकाँश ठेक्का व्यवस्थापनबाट संचालन गरेको निर्माण कार्यको सम्झौतामा वीमाको व्यवस्था नगरी संचालन गर्ने गरेको पाइयो (केही उदाहरण निम्नानुसार रहेका छन् ) बीमाको व्यवस्था नगर्दा निर्माण कार्य मेशिन उपकरण तथा तेस्रो पक्ष समेतको जोखिम वहनमा समस्या समाना गर्नुपर्ने हुन्छ । अत: कानुनले व्यवस्था गरेको बमोजिम निर्माण कार्यको ठेक्का वीमाको व्यवस्था गर्नुपर्दछ । | |

| सि नं | भौ नं मिति | कार्य विवरण | निर्माण व्यावसायी | लागत अनुमान | सम्झौता रकम | ठेक्का नं | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १४६-०७९।३।१९ | आदर्श विद्यालय ८कोठे भवन निर्माण | विजेश्वरी निर्माण सेवा | १३५४९७९७.०८ | ८१८१०७१.०५ | CJM/work/ncB/08/078-79 | वीमाको व्यवस्था नभएको |
| २ | १४२-०७९।३।९ | रातामाटा विद्यालयका १२ कोठे भवन निर्माण | विजेश्वरी निर्माण सेवा | १३४६३५४१.८७ | ९०३९३१३ | CJM/WORKS/NCB/06/078/079 | वीमाको व्यवस्था नभएको |
| ३ | १२८-०७९।३।८ | तिर्से खोला डोलढुंगा सडक निर्माण | सुविना कन्स्ट्रक्सन एण्ड खत्रि सप्लायर्स | ३३१३२९०.७७ | ३१९०९५०.९७ | CJM/WORKS/NCB/12-078.79 | वीमाको व्यवस्था नभएको |
| ४ | १३४-०७९।३।१७ | सरस्वती मा वि परेली चौरको ८ कोठे भवन निर्माण | सुवर्ण वति कम्पनि प्रा.लि. | १३४६३५४१.८७ | ९७९३५९१.६६ | CJM/WORKS/NCB/04/078/079 | वीमाको व्यवस्था नभएको |
| | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **औषधी खरिद र समिति गठन**<br>**औषधी खरिद –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>क) खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।<br>ख) आपूर्ति हुने औषधि डव्लु.एच.ओ.वा जिएयापि सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।<br>ग) औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी मौज्दातिबाट बाँध्ने नगरेको ।<br>घ) औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>ङ) म्याद समाप्त भएको औषधी आपुर्तकलाई फिर्ता गरी प्रतिस्थापन औषधी प्राप्त गर्नुपर्नेमा म्याद सकेको औषधीको विवरण नै तयार गर्ने गरेको<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने म्याद सकेको औषधी फिर्ता गर्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।<br>**समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि १० वटा बैठक वसी विपद व्यवस्थापन, राहत तथा उद्धार लगायतका कार्य गर्ने निर्णय भएको देखिन्छ। ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा थप सक्रिय बनाउनुपर्दछ ।<br>**कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् प्रभावित घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने-गराउने सम्बन्धी व्यवस्था छ । नगरपालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गराइ विपद् जोखिम न्युनिकरण तर्फ गम्भिर हुनुपर्दछ । | |
| ११ | | | **खरिद तथा भेरिएशन आदेश** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.१ | | | **खरिद कारवाहीको अभिलेख** :- सार्वजनिक खरिद ऐन,२०६३ को दफा ७२ मा सार्वजनिक निकायले खरिद कारवाही सम्बन्धि कारवाहीको अभिलेख तोकिए बमोजिम सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४९ मा तोकिएको अवधि सम्मको लागि सुरक्षित तरिकाले राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाका अधिकांश खरिद कारवाहीको अभिलेख अव्यवस्थित र असुरक्षित तवरले राखेको पाइयो जस्का कारण परीक्षणका क्रममा आवश्यक कागजात र प्रमाण प्राप्त हुन सकेन । अत: खरिद कारवाही सम्बन्धि कागजात निर्धारित समयका लागि सुरक्षित र व्यवस्थित तवरले सिलसिलाबद्ध रुपमा राख्नु पर्दछ । | |
| ११.२ | | | **भेरिएशन वार्ता वेगर भुक्तानी**:- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ को उपनियम(१) मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भइ ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएशन आदेश जारी गर्नुपर्ने भएमा यस नियमावली बमोजिमको प्रकृया पुरा गरी जारी गर्नुपर्ने व्यस्था छ । त्यसै गरि प्रमाणित बोलपत्र कागजात प्रावधानमा आइटम वाइज रकममा २५% वा कुल सम्झौता अंकको २% बढि वा बढी परिमाणको मुल्यांकन भएको अवस्थामा सम्बन्धित निर्माण व्यवसायीसंग नेगोसेस गरी भेरिएशन आदेश स्वीकृत गरेर आदेश जारी गरी निर्माण सम्पन्न गराइ भुक्तानि गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायका ठेक्का व्यवस्थापनमा उल्लेखित प्रावधान पुरा नगरी सम्झौता भन्दा बढी रु ४४९७७६/- भुक्तानी गरेको छ । भेरिएशन आदेश वेगर भुक्तानि गरेको रु ४४९७७६/- नियमित गरी भुक्तानी गर्नुपर्ने | ४४९,७७६ |

| सि नं | भौ नं मिति | निर्माण कार्य | निर्माण व्यवसायि | कार्य | परिमाण विवरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अनुमान परिमाण | दर रु | सम्पन्न परिमाण | फरक परिमाण | रकम रु |
| १ | १४२-०७९।३।१९ | राटामाटा विद्यालय २ कोठे भवन निर्माण | वीजयश्वारी निर्माण सेवा | अर्थ वर्क्स | ५८४।७३ | ७५० | ११२४।४१ | ५३९।६८ | ४०४७६० |
| | | | | ब्याक फिलिङ्ग | १४४।९८ क्यु मि | १११० | १४७।८८ | २।९० | ३२१९ |
| जम्मा | | | | | | | | | ४०७९७९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="2">२.<br>१४६-०७९।३।१९<br>आदर्श विद्यालय बिशाउने चौर</td><td>अर्थ वर्क्स</td><td>१४७।८५ क्यु मि</td><td>३००</td><td>१७८।६४</td><td>३०।७९</td><td>९२३७</td></tr>
<tr><td>प्लेन सिमेन्ट कन्क्रिट</td><td>९.६७४ क्यु मि</td><td>१००००</td><td>१२.९३</td><td>३।२५६</td><td>३२५६०</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>४१७९७</td></tr>
<tr><td colspan="6">कुल जम्मा</td><td>४४९७७६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>प्रकोप लगायतका सार्वजनिक जग्गा राजस्व तथा कर्मचारी कोष<br>प्रकोप व्यवस्थापन कोष – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । नगरपालिकाले गत वर्षको मौज्दात समेत रु.१५७५२६६७।४० आम्दानी भई रु.१२३२२६५३ खर्च गरी बाँकी रु.३४३१३८३।४० देखिन्छ । उक्त खर्च मध्ये रु.११२५००००/- मिति २०७८।०६ ।१५ को कार्यपालिकाको निर्णयवाट सञ्चितकोषमा ट्रान्फ्रर गरी विद्यालय पूर्धाधार निर्माण,ब्लड बैंकको भौतिक पूर्वाधार निर्माण र ल्याव भवन निर्माणमा खर्च गरेको छ । खर्च गर्दा तोकिए बमोजिम विपद् जोखिम न्यूनीकरणका कार्यक्रममा खर्च गरिनु पर्दछ ।<br>वार्षिक प्रतिवेदन – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।<br>सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ: पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक जग्गा सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको जग्गा सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु अद्यावधिक अभिलेख राख्नु पर्दछ ।<br>कोभिड–१९ तर्फः आ=व २०७८।७९ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि कर्मचारीको खाजा खर्च रु ८१०००, आर्थिक सहायतामा रु.११००००।०० जिल्ला प्रशासनलाई भुक्तानी रु१४२५०० आइशोलेशन लगायत विभिन्न शिर्षकमा रु.७३९१५३ समेत जम्मा रु १०७२६५३।०० खर्च भएको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नगरपालिकाले जनाएको छ ।<br>**राजस्व अभिलेखः** पालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न वनेको ऐन, २०७४ को दफा १३(२) मा राजश्वको लगत तथा लेखा राख्ने तथा फाटवारी पेश गर्ने, लेखापरीक्षण गराउने र त्यसको अभिलेख राख्ने उत्तरदायित्व प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाले सवै वडा मार्फत नगदि रसिदका आधारमा आय संकलन गर्दै आएको छ । नगरपालिकाले रसिद नियन्त्रण खाता राखेको भएपनि आर्थिक वर्ष समाप्ति पछि नियमित रुपमा रसिद व्यवस्थान गरेको देखिएन । नगदि रसिद मार्फत वडा तथा नगरपालिकामा कार्यालयले रकम संकलन गरी बैंक दाखिला गरेको आयको वास्तविक अवस्थाका सम्वन्धमा अनुगमन तथा नियन्त्रणको प्रभावकारी संयन्त्र निर्माण गरी व्यवस्थापन गर्ने गरेको पाइएन । मालपोत जस्ता आयका क्षेत्रको लगत राखी वार्षिक लक्ष्य अनुसार आय संकलन गर्नुपर्नेमा लगत नराखेकाले उठ्नुपर्ने आय उठेको सम्वन्धमा यकिन गर्न सकिएन। नगरपालिका क्षेत्रका प्राकृतिक सम्पदा बेचविखन गरी आय आर्जन गर्ने सम्वन्धमा दीर्घकालिन योजना तयार गरेको छैन । पहिचान गरी आय सम्झैता गरेका कार्यको समेत नियमित अनुगमन गरी वातावरणिय प्रभाव मुल्याङ्कन गरेको छैन । आय संकलन तथा व्यवस्थापनका लागि अनुगमन संयन्त्र र प्रविधिको प्रयोग नभएकाले सम्भावित आय संकलन भई नगरपालिकाको कोषमा दाखिला भएको अवस्थाका सम्वन्धमा यकिन गर्न सकिएन ।विश्वाशिलो र भरपर्दो प्रणालीको अभावले आम्दानी तथा राजस्वका सम्वन्धमा लेखापरीक्षण राय व्यक्त गर्न सकिएन । आय व्यवस्था अनुमानयोग्य, पारदर्शि, भरपर्दो तथा विश्वसनिय बनाउन आय संकलन तथा व्यवस्थापनको भरपर्दो प्रणाली विकास गर्नुपर्दछ ।<br>**कर्मचारी कल्याण कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानिय तहले स्थानीय सेवाको दरबदीमा कार्यरत कमचारीले खाई पाईआएको मासिक तलबबाट १० प्रतिशत रकम जम्मा गरी सो रकम बराबरले आउने रकम थप गरी जम्मा गर्नु पर्ने व्यवस्था छ । तर नगपालकाले नियमानुसार कोष बनाई कर्मचारीको अवकाश पछी भुक्तानीको लागि व्यवस्था गरेको देखिएन । कानूनमा भएको व्यवस्था वमोजिक कोष सञ्चालन गरिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **हेभी इकुमिमेण्टको प्रयोग, सवारी साधन खरिद, आय लेखाङ्कन तथा शिक्षकको तलब भत्ता**<br>**हेभी इक्विपमेण्टको प्रयोग** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।<br>**सवारी साधन खरिद** – अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार नगरपालिकाले २ थान चार पांग्रे नगर बस खरिदमा रु.९९०००००/- तथा २ थान दुई पांग्रे सवारी साधन खरिदमा रु.६००००० का समेत रु.१०५०००००/- खर्च गरेका छन् ।<br>**आय लेखाङ्कन : नगर**पालिकाले यस वर्ष रु. रु १,७९,४०,६२८।३१ राजश्व आम्दानी गरेको छ । पालिकाले आन्तरिक राजश्व तर्फ विद्यूतीय माध्यम प्रयोग नगरी पालिकावाट भएको सेवा प्रवाह अनुसार आम्दानी भिडान नगरी जारी भएको नगदी रसिदवाट प्राप्त राजश्व वैंक दाखिला गरी पेश भएको वैंक भौचरको आधारमा आम्दानी लेखाङ्कन गर्ने गरेको देखियो । यसबाट कुल आयको वास्तविक अवस्था यकिन नहुने, वैंक सफ्टवेयर र खातामा देखाएको आम्दानीमा फरक पर्ने जस्ता अवस्था भई आय लेखाङ्कन वास्तविक नहुने देखिन्छ । निश्चित अवधि भित्र अनिवार्य रिकन्साइल गरी आय चुहावट भए नभएको पत्ता लगाई यकिन हुने गरी राजश्व आम्दानी सम्वन्धमा विद्यूतीय माध्यम विकास तथा प्रयोग गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा आय खाताको मौज्दात र वैक भौचरका आधारमा आयको वैंक नगदी कितावमा भएको प्रविष्टि वाहेक सवै रसिद, भौचर, आम्दानी लेखाङ्कन आदिको परीक्षण गरिएको छैन । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरी राजस्व संकलन र दाखिला प्रभावकारी भरपर्दो र पारदर्शी वनाउनु पर्दछ ।<br>**शिक्षकको तलब भत्ता** – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबदी भित्रका शिक्षकको तलब भत्ता बापत सर्शत अनुदान उपलध गराउने व्यवस्था छ। कुनैपनि दरबदी तथा राहत अनुदान कोटा नरहेका स्वीकृत दरबन्दी वेगरका शिक्षक नियुक्त गरी वित्तीय सामानिकिकरण,राजस्व बाँडफाँड आन्तरिक अनुदानवाट यस वर्ष विभिन्न ४३ विद्यालयका १४१ शिक्षकहरुलाई रु .२८७६४०००।०० भुक्तानी गरेको रकम नियमसंगत देखिदैन साथै नियुक्त भएका शिक्षकहरु स्वतन्त्र ढंगगले प्रतिस्पर्धात्मक प्रक्रियवाट छनोट नहुने अवस्थाले विद्यालयको शैक्षिक गुणस्तरमा समेत असर पुराउने देखिन्छ। सम्पूर्ण विद्यालयको शिक्षक विद्यार्थी अनुपात विश्लेषण गरी व्यवस्थापन सर्वेक्षण गरी आवश्यक देखिएको दरबन्दिमा प्रतिसप्रर्धात्मक मूल्यमा योग्य शिक्षक नियुक्त गरिनु पर्दछ। | |
| १४ | | | **शिक्षा पदपुर्ति ,लक्षित कार्यक्रम लगायतका शिर्षक** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.१ | | | **शिक्षा तर्फः** नगरपालिका अन्तर्गत आधारभुत तहसम्म अध्ययन हुने २३ वटा, माध्यामिक तहसम् अध्ययन हुने ९ वटा, थप ६ वटा वालविकास समेत ३८ वटा सरकारी विद्यालय रहेका छन् ।३८ विद्यालयमा नगरपालिकाले निर्धारण गरेको समेत कुल ३८९ दरवन्दी रहेकोमा २८२ राहत तथा करार स्थायी १०७ समेत पद्पुर्ति भएको छ । नगरपालिका अन्तर्गतका विद्यालयहरुमा आर्थिक वर्ष भर संघिय सशर्त वजेटवाट निम्नानुसार रु १४ करोड ७३ लाख ३३ हजार तलव भत्तालगायतमा निकासा भएकोमा आर्थिक वर्ष २०७८।७९ मा सामाजिक परीक्षण र लेखापरीक्षण नभएको, पाठ्य पुस्तक, छात्रवृति, हाजिरी अनुसार दिवा खाजा लगायत अनुदान वितरण तथा विद्यार्थीको शैक्षिक अवस्था सम्वन्धमा पालिकावाट अनुगमन भएको देखिदैन । सामाजिक लेखापरीक्षण, आर्थिक कारोवारको लेखापरीक्षण तथा अनुदानको उचित प्रयोग र प्रभावकारी शैक्षिक अवस्था भए नभएको अनुगमन गरी शैक्षिक गुणस्तर सुधार गर्न कार्ययोजना बनाइ लागु गरिनु पर्दछ | |

| सि.न | विद्यालयलाई अनुदान | बार्षिक खर्च रकम | | |
|---|---|---|---|---|
| १ | पाठ्य पुस्तक | ६०००००० | | |
| २ | छात्रवृति | २१००००० | | |
| ३ | शिक्षक तलव भत्ता | ११६५०००००० | | |
| ४ | दिवा खाजा | १३५०००००० | | |
| ५ | परीक्षा व्यस्थापन अनुगमन | १५००००० | | |
| ६ | शिक्षण सिकाइ अनुगमन तथा सामाग्री ब्यवस्थापन | ३०००००० | | |
| ७ | शैक्षिक सुधार | ३५२५००० | | |
| ८ | इन्टरनेट जडान/ले.प/सामाजिक परिक्षण | १२०८०१० | | |
| | | १४७३३३०१०।०० | | |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.२ | | | **लक्षित कार्यक्रम** : संघिय सशर्त कार्यक्रम तर्फ पकेट (बाख्रापालन) क्षेत्रको लागि पालिकाको रु १० लाख लागत साझेदारी सहित रु २५ लाख वजेट विनियोजन भएकोमा पालिकाले वजेट रकमान्तर गरेको र लक्षित समुदायको ५० प्रतिशत लगानीमा समुहले पेश गरेको विल भरपाईको आधारमा भुक्तानी भएको छ । लक्षित समुदायले ५० प्रतिशत लागत साझेदारी रकम नगदमा आधारित भएको देखिदैन । लागत साझेदारीको कार्यक्रममा पालिकाको वजेट छुट्याई रकमान्तर गर्ने कार्यले लक्षित वर्गलाई व्ययभार थपिन सक्ने र कार्यक्रमको प्रभावकारीता समेत नहुन सक्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |

| क्र.स. | कार्यक्रमको नाम | लाभग्राही समूह सहकारी फर्मको संख्या | लाभग्राही संख्या | खर्च रकम |
|---|---|---|---|---|
| १ | ५० प्रतिशत अनदानमा मुल/उन्नत वीउ खरिद वितरण तथा ढुवानी (धान मकै गहु कोदो आलु सघन बाली विकास तथा उत्पादकत्व वृद्धि आयोजना) | कृषक | २५० | २४९९०० |
| २ | आकासमिक वाली संरक्षण | कृषक | १३५५ | ७००००० |
| ३ | एक घर एक करेसाबारी कार्यक्रम | कृषक | १२११ | २००००० |
| ४ | प्याजको गानो उत्पादन कार्यक्रम | २ | ७५ | १००००० |
| ५ | आ.व. २०७७/०७८ मा स्थापना भएका कृषि तर्फका साना व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम | ५ | १२५ | ८८२५०० |
| ६ | बाख्रा पकेट कार्यक्रम | १ | १३ | १००००० |
| ७ | मकै वाली पकेट विकस कार्यक्रम | १ | २५ | ८००००० |
| | | | | २९३२४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.३ | | | **कन्टिन्जेन्सी खर्च** नेपाल सरकारले जारी गरेको आर्थिक संकेत वर्गीकरण, २०७४ मा खर्च सम्बन्धी संकेत तोकिएका छन् उक्त संकेतसँग मेल नखाने गरी सार्वजनिक निर्माण खर्च शिर्षकवाट नगरपालिकाले तलव खर्चमा रु.१०५०००।०० इन्धन खर्चमा रु.१५००००।०० अनुगमन तथा दैनिक भ्रमण भत्तामा रु.३३२००० सवारी साधन मर्मत मर्मत खर्च रु.४५०००० सेवा परामर्श खर्च रु ५०००००।०० फर्निचर तथा फिक्चर्समा रु.३०००००।०० तथा अन्य खर्च रु.४८०००० समेत यो वर्ष कन्टिन्जेन्सी रकमवाट जम्मा रु.२२१२०००।०० खर्च भएको छ। चालु प्रकृतिको नियमित बजेट विनियोजन हुने प्रशासनिक कार्यमा अत्याधिक खर्च गरेको कारण चालु प्रकृतिको खर्च बढाएको छ । कन्टिन्जेन्सी खर्च गर्ने योजनागत अभिलेख सहित नगरपालिकावाट मापदण्ड बनाइ अनावश्यक खर्चमा नियन्त्रण गरिनु पर्दछ। | |
| १४.४ | | | **दरवन्दी तथा पदपुर्ति अवस्थाः** नगरपालिकाको ४१ दरवन्दी मध्ये ३२ पदपुर्ति भएको छ । त्यस्तै वडा कार्यालय तर्फ प्रशासन तथा प्राविधिक सहित २८ दरवन्दी रहेकोमा १७ स्थायी र ३ करार समेत २० पद पुर्ति भएको छ । नगरपालिकाले तयार गरेको नीति, कार्यक्रम र वजेट कार्यान्वयन गरी प्रभावकारी सेवा प्रवाह गर्न रिक्त दरवन्दी लोकसेवा आयोग मार्फत नियमानुसार पदपुर्ति हुनु पर्दछ । | |
| १५ | | | **उपभोक्ता समिति, ठेक्का लगायतका अन्य व्यहोरा** | |
| १५.१ | | | **ठेक्का व्यवस्था:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । नगरपालिकाले वोलपत्रको सूचना प्रकाशित गरी स्वीकृत भएको ठेक्कामा वोलपत्रदाताले लागत अनुमानको तुलनामा ०.४७ प्रतिशत देखि ५९ प्रतिशत सम्म घटिमा काम गर्ने गरी ठेक्का कवुल गरेको देखिन्छ ।उदाहरणका लागि केही ठेक्काका विवरण देहायमा उल्लेख छ ।लागत अनुमानको तुलनामा धेरै प्रतिशत घटिमा काम गर्ने गरी गराएको कार्यमा सामाग्रीको निर्धारित गुणस्तर र परीमाणमा कार्य भएको सम्वन्धमा यकिन हुने देखिएन ।नगरपालिकामा उपभोक्ता समिति, दरभाउपत्र तथा वोलपत्रको माध्यमबाट समेत धेरै संख्यामा निर्माण कार्य हुने र अनुगमन, निरिक्षण र गुणस्तर निर्धारण गर्न प्राविधिकको संख्या सिमित भएको देखिन्छ । निर्माण कार्य तोकिएको समय भित्र निर्धारित गुणस्तर र परिमाणमा सम्पन्न गराउन नगरपालिकाले ध्यान दिनु पर्दछ । | |

| सि.न | ठेक्का नं. | विवरण | लागत अनुमान | सम्झौता रकम | घटि प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|
| १ | CJM/GOODS/SBQ/01/078/079 | औषधी तथा सर्जिकल | 1,989,244.40 | 1,243,611.60 | 37.48 | | |
| २ | CJM/GOODS/SBQ/02/078/079 | औषधी | 1,990,390.00 | 809,281.95 | 59.34 | | |
| ३ | CJM/WORKS/SBQ/01/078/079 | स्वस्थ्य चौकी पर्खाल | 1,956,215.00 | 1,953,629.00 | 0.13 | | |
| ४ | CJM/WORKS/NCB/01/078/079 | हिमालयन मा वि | 5,889,034.18 | 3,467,562.58 | 41.12 | | |
| ५ | CJM/WORKS/NCB/02/078/079 | हिमालयन मा वि | 6,093,210.91 | 3,540,928.41 | 41.89 | | |
| | CJM/WORKS/NCB/03/078/079 | | 13,157,613.82 | 8,911,561.52 | 32.27 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | | खहरे मा वि | | | | | |
| ७ | CJM/WORKS/NCB/04/078/079 | सरस्वती मा वि | 13,107,888.01 | 9,793,591.66 | 25.28 | | |
| ८ | CJM/WORKS/NCB/05/078/079 | विच कटैया आ वि | 13,435,931.48 | 9,038,672.25 | 32.73 | | |
| ९ | CJM/WORKS/NCB/06/078/079 | रातामाटा आ वि | 13,463,559.28 | 9,039,313.28 | 32.86 | | |
| १० | CJM/WORKS/NCB/07/078/079 | कोटजहारी मा.वि | 13,591,390.32 | 8,517,435.78 | 37.33 | | |
| ११ | CJM/WORKS/NCB/08/078/079 | विसन चौर आ वि | 13,596,699.28 | 8,181,071.05 | 39.83 | | |
| १२ | CJM/GOODS/NCB/01/2078/079 | नगर वस खरिद | 10,000,000.00 | 9,850,000.00 | 1.5 | | |
| १३ | CJM/GOODS/NCB/02/078/079 | पाइप | 4,000,049.21 | 3,981,286.06 | 0.47 | | |
| १४ | CJM/WORKS/NCB/09/078/079 | खानेपानी योजना पाखापानी | 15,429,669.70 | 7,965,243.00 | 48.38 | | |
| १५ | CJM/WORKS/NCB/10/078/079 | झापे खानेपानी योजना | 5,935,677.48 | 4,135,503.19 | 30.33 | | |
| १६ | CJM/WORKSS/NCB/11/078/079 | सडक वत्ती | 2,584,298.94 | 1,511,962.49 | 41.49 | | |
| १७ | CJM/WORKS/NCB/12/078/079 | तिर्से खोला सडक | 3,226,838.16 | 3,190,950.17 | 1.11 | | |
| १८ | CJM/WORKS/NCB/13/078/079 | खहरे मा.वि फिल्ड | 3,056,340.00 | 2,907,402.06 | 4.87 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.२ | | | **चेनेज नखुलाएको:** सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा, विलको भुक्तानी गर्दा, नापी किताब तयार गर्दा र कार्यसम्पन्न प्रतिवेदन समेतमा स्पष्टसँग चेनेज खुलाउनु पर्दछ । तर नगरपालिकाले सडक तथा बाटो निर्माण, ग्राभेल, बल्क बिछाउने तथा स्तरउन्नती गर्ने, ढल निर्माण, सरसफाई तथा मर्मत लगायतका कार्यमा प्राविधिकले लागत अनुमान तयार गरी रनिङ बिल भुक्तानी गर्दा तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्दा समेत सडकको चेनेज खुलाइको पाईएन । जसबाट उक्त निर्माण भएको सडकको बास्तविक लम्बाईका साथै एकै स्थानमा दोहोरो पर्ने गरी उपभोक्ता समिति र अन्य विधि मार्फत समेत कार्य भए नभएको सम्बन्धमा एकीन गर्न सकिएन । तसर्थ नगरपालिकाबाट निर्माण हुने सडक तथा ढल योजनाको लागत अनुमान तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिक नाप जाँच सहितको चेनेज खुलाई निर्माण कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| | | | | |

| १५३ क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

**गत बर्षको दायित्व :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय वा सम्वन्धित आन्तरिक लेखापरीक्षण शाखाबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यवस्था छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको छ । बहुबर्षीय योजना स्वीकृत भएको अबस्थामा बाहेक दायित्व सिजर्ना हुने गरी खर्च गर्ने कार्य नियमित नहुने हुँदा दायित्व श्रृजना नहुने गरी वार्षिक कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

| क्र.सं. | खर्च उपशीर्षक | कार्यक्रमको नाम | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बांकी रकम | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|---|
| 2 | सशर्त पुजिगत संघिय सरकार | मालिका पर्यटन क्षेत्र | खानी मेशन जे वि | १३९६६८२५ | स्रोत छ । |
| 3 | चौरजहारी नगरपालिका पुजिगत | बालहित मा.वि साक्चाखोलामा stair cover and field construction वडा नं 14 | बालहित मा.वि साक्चाखोला विद्यालय ब्यवस्थापन समिति | ८००००० | समयमा भुक्तानी नभएको |
| 4 | चौरजहारी नगरपालिका पुजिगत | जनकल्यण मा वि खागल विद्यालय फिल्ड निर्माण | जनकल्यण मा.वि खागल विद्यालय व्यवस्थापन समिती | ६५०००० | समयमा भुक्तानी नभएको |
| 5 | चौरजहारी नगरपालिका पुजिगत | सडक विजुलि वत्ति विस्तार तथा हाइमाक्स जडान | COBALT INTERNATIONAL PVT.LTD. | १५०६०४८ | समयमा भुक्तानी नभएको |
| 6 | चौरजहारी नगरपालिका | सडक विजुलि वत्ति विस्तार तथा हाइमाक्स जडान | K.P.N ENTERPRISES | ९९८४१६ | समयमा भुक्तानी |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पुजिगत | | | | नभएको | |
| | | | 7 | चौरजहारी नगरपालिका पुजिगत | बैकल्पिक उर्जा सौर्य खानेपानी आयोजना निर्माण वडा नं 12 | काफलबोट पिर्याटाकुरी सौर्य उर्जा खानेपानी निर्माण उपभोक्ता समिति | १७२४७५ | समयमा भुक्तानी नभएको | |
| | | | 8 | चौरजहारी नगरपालिका पुजिगत | जनप्रिय आधारभुत विद्यालय फिल्ड निर्माण वडा नं 01 | श्री जनप्रिय आधारभुत विद्यालय व्यवस्थापन समिति | ५००००० | समयमा भुक्तानी नभएको | |
| | | | 9 | चौरजहारी नगरपालिका पुजिगत | काफलमेरा ढोलढुङ्गा सडक निर्माण वडा नं 06 | काफलमेरा ढोलढुङ्गा सडक निर्माण उपभोक्ता समिति | ३५०००० | समयमा भुक्तानी नभएको | |
| | | | 10 | चौरजहारी नगरपालिका पुजिगत | चमेरे गुफा मालिका पर्यटन मार्ग निर्माण वडा नं 06 | चमेरे गुफा मालिका पर्यटन मार्ग पुर्वाधार निर्माण उपभोक्ता समिति | ५७१००० | स्रोत नभएको | |
| | | | 11 | चौरजहारी नगरपालिका पुजिगत | पेदिखोला- पाथिहाल्ना-लामाडाँडा सडक निर्माण वडा नं 14 | पाथिहाल्ना लामाडाँडा सडक निर्माण उपभोक्ता समिति | १७६०००० | स्रोत नभएको | |
| | | | 12 | चौरजहारी नगरपालिका पुजिगत | आधारभुत विद्यालय विचकटियाको पक्की भवन निर्माण वडा नं 14 | न्यू वि.के. विल्डर्स एण्ड सप्लायर्स | ५५४९००० | स्रोत नभएको | |
| | | | 13 | चौरजहारी नगरपालिका पुजिगत | 13 नम्बर खानेपानी आयोजना निर्माण | सघन निर्माण सेवा | ११८७००० | स्रोत नभएको | |
| | | | 14 | चौरजहारी | फर्निचर फिक्चर्स र मेसिनरी औजार | TECHNOLINK ENTERPRISE CENTER,ओम फिर्निचर | २९७३९ | स्रोत | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | नगरपालिका पुजिगत | खरिद | उद्योग,IDREAM SOLUTION, DIPESH ENGINEERING AUTO PARTS AND SUPPLERS | ०० | नभएको | |
| | | | 15 | चौरजहारी नगरपालिका पुजिगत | वडा नं 11 र 12 खानेपानी आयोजना निर्माण | मस्टा जे.डि.वि.कन्ट्रक्सन इन्जिनियरिङ्ग प्रा लि | १५००००० | स्रोत नभएको | |
| | | | **जम्मा** | | | | **३११३४६६४** | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.४ | | | **शेयर लगानी** : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा लि.न. १९६३१५ मा दर्ता भएको स्यार्पु पावर कम्पनि लिमिटेडमा संस्थापक शेयरधनिको रुपमा देहाय अनुसारका ६ स्थानीय तह र जिल्ला समन्वय समिति समेतको २ लाख ७५ हजार शेयरको प्रति शेयर रु.१०० दरले रु. २,७५,००,०००.०० को संस्थापक लगानि निर्धारण गरेको मध्ये २०७६।६।१० सम्म रु. १,४१,७२,४८५.०० शेयर लगानी वापत पावर कम्पनि लिमिटेडको नाममा रकम पठाइसकेको देखिन्छ । लिमिटेड कम्पनिमा लगानी गर्ने र प्रतिफल सम्वन्धमा संस्थापक शेयरधनीको रुपमा रहेका स्थानीय तहले साझा अवधारणा तयार गरेको देखिएन । नाफामुलक लिमिटेड कम्पनिमा लगानी गर्ने सम्वन्धमा सेवा प्रदायक तहले समिक्षा गर्नुपर्ने देखिन्छ । शेयर लगानीको रुपमा खर्च लेखाङ्कन गरेको रकम कतिपय स्थानीय तहले आयव्यय विवरणमा शेयर लगानीको रुपमा देखाएका छैनन् । यसबाट वित्तिय विवरणमा लगानी लेखाङ्कन नभएको अवस्था छ । वित्तिय विवरणमा लगानी प्रतिविम्वित गर्नेगरी सुधार गर्नुका साथै शेयर प्रमाण पत्र प्राप्त गर्ने र उक्त कम्पनी संचालनको साझा अवधारणा तय गरी प्रतिफलयुक्त तवरले उत्पादन संचालनमा समेत अग्रसर हुनुपर्दछ । | |

| क्र. स. | स्थानीय तह | शेयर कित्ता | भुक्तानी भएको (रु) | भुक्तानी बाँकी (रु) |
|---|---|---|---|---|
| 1. | आठबिसकोट | ६०००० | १००००००.०० | ५००००००.०० |
| 2. | मुसिकोट | ३०००० | ३००००००.०० | ० |
| 3. | चौरजहारी | ३०००० | १००००००.०० | २००००००.०० |
| 4. | बाफिकोट | ३०००० | १००००००.०० | २००००००.०० |
| 5. | सानीभेरी | ३०००० | १००००००.०० | २००००००.०० |
| 6. | त्रिवेणी | ३०००० | १००००००.०० | २००००००.०० |
| 7. | जिल्ला समन्वय समिति | ६५००० | ६१७२४५८.०० | ३२७५४२.०० |
| | **जम्मा** | **२७५०००** | **१४१७२४५८.००** | **१३३२७५४२.००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.५ | | | **खरिद गुरुयोजना योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले यो वर्ष वार्षिक खरिद योजना र खरिद इकाइ गठन गरेको देखिए पनि कार्यक्रम अनुसार छुट्टा छुट्टै खरिद गर्ने गरेको देखियो मालसामान, निर्माण कार्य, परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गर्न खरिद गुरु योजना बनाइ नगरपालिकाको खरिद इकाइको निर्णयका आधारमा खरिद कार्य गरिनु पर्दछ । | |
| १५.६ | | | **उपभोक्ता समितिले गरेको खरिद :–** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिवाट निर्माण वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता,गुणस्तरियता वा दिगोपन अभिवृद्धि हुने भएमा वा परियोजनाको उद्देश्य रोजगारी सृजना गर्ने भएमा कार्य गराउन सकिने व्यवस्था छ।उपभोक्ता समितिवाट गराइएको निम्न कार्यहरुको फर्म कम्पनीहरुबाट खरीद विलको समेत भुक्तानी भएको देखिएकोले नियमानुसार देखिएन । उपभोक्ता समिति मार्फत फर्म/ कम्पनिवाट खरीद भएको कार्यको भुक्तानी हुँदा ऐन नियमको प्रक्रिया पुरा गरी खरीद कार्य नहुने, प्रतिस्पर्धा नहुने तथा गुणस्तरको समेत परिक्षण नहुने, खरीद कार्य मितव्ययी समेत नहुने हुन्छ । ऐन नियममा भएको व्यवस्था विपरित उपभोक्ता समितिवाट गरिएको खरिद नियम संगत नदेखिएको । | |
| १६ | | | **ज्याला तथा बीमा सम्वन्धमा**<br>**ज्यालामा बढी भुक्तानी** : मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि,२०७८को दफा ७ बमोजिम श्रमिकको ज्याला तथा सामग्री लागत अनुपात अनुसूची ५ बमोजिम हुने व्यवस्था छ । यस नगरपालिकाले केही आयोजनाहरुमा सामग्रीको अनुपात भन्दा ज्यालामा बढी भुक्तानी गरेको देखिन्छ । नगरपालिकाले कुनै आयोजनामा सामग्री बढी लागेको, कुनैमा कम लागेको र वास्तविक लागत को अनुपातमा ज्याला र सामग्रीमा भुक्तानी गरेको जनाए तापनि नियम विपरित ज्यालामा बढी भुक्तानी भएको रु १४५७८३५।– एकिन गरी ज्याला सामग्री अनुपात मिलाउन ध्यान दिनु पर्ने देखियो ।<br>**दुर्घटना बिमा**:- मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि,२०७८ को दफा ११ को उपदफा २(१) बमोजिम कन्टिजेन्सी रकमबाट श्रमिकको सामुहिक दुर्घटना बिमामा खर्च गर्न पाउने व्यवस्था छ । यस नगरपालिकाले कन्टिजेन्सी रकम रु.४९४७८०।- बाट आयोजनाको अनुगमन,मुल्यांकन,सामुहिक दुर्घटना बिमा,प्राविधिकको पारिश्रमिक र प्रशासनिक शिर्षकमा खर्च गर्ने व्यवस्था भएकोमा श्रमिकको सामुहिक दुर्घटना खर्च गरेको रु ४९४७८०। नियमितसंगत देखिएन । जोखिम पुर्ण कार्य गरी रोजगारीमा संलग्न श्रमिकहरुको दुर्घटना विमा गराइ कार्य गराउनुपर्दछ । | |
| १७ | 190 | २०७९-३-२४ | **असुल गर्नु पर्ने**<br>**बढी ज्याला असुल गर्नुपर्ने** :- गो भौ नं मिति १९०-०७९।३।२४ कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना कार्यविधि,२०७७ को दफा १८ बमोजिम श्रमिकहरुको ज्याला भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिका अन्तर्गत पुर्ण शान्त स्मृति भवन कम्पाउण्ड वाल तथा फिल्ड निर्माण गर्दा उपभोक्ता समितिलाई रु १२३९४००।०० भुक्तानी गरेको छ । श्रमिकको ज्याला वापत रु ८३१९२६ मात्र भुक्तानी गर्नुपर्नेमा रु ११८८०००।०० श्रमिकहरुको खातामा भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रु ३५६०७४।०० निज श्रमिकहरु सरोकार राख्ने उपभोक्ता समिति मार्फत असुल गर्नुपर्ने रु | ३५६,०७४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **नियमित गर्नु पर्ने**<br><br>**घरेलधुरा लिफ्ट खानेपानी आयोजना:-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ को उपनियम(१) मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भइ ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएशन आदेश जारी गर्नुपर्ने भएमा यस नियमावली बमोजिमको प्रकृया पुरा गरी जारी गर्नुपर्ने व्यस्था छ । घरेलधुरा लिफ्ट खानेपानी आयोजनाका लागि ९६ वटा सोलार प्लानल रु २१३००/- दरले रु २०४४८००/- र सोलार सपोर्ट स्ट्रक्चर ९६ वटाको रु ६०००/- का दरले रु ५७६०००/- समेत रु २६२००००/- को आपूर्ति गर्ने श्री रोजी ब्लु प्रा.लि.अनामनगर प्रा लि काठमाण्डौसंग सम्झौता गरी उक्त सामग्री आपूर्ति गर्दा १७६ थान सोलार प्लायनल र सोलार सपोर्ट स्ट्रक्चरको क्रमश: रु ३७४८८००/- र रु २०५६००० समेत रु ४८०४०००/- भुक्तानी गरेको पाइयो । भेरिएशन वार्ता गरी भेरिएशन आदेश स्वीकृत तथा जारी गरेर मात्र थप समान सहित आपूर्ति गर्नुपर्नेमा सोझै आपूर्तिकर्ताको विजक बमोजिम समान प्राप्ति गरी भुक्तानी गरेको रु ४८०४०००/- नियमसम्मत मान्न नसकिएको रु.<br><br>एउटै आयोजनामा विभिन्न निकायबाट कार्यक्रम संचालन गर्दा समन्वय संचालन नगर्दा यस्तो अवस्था आउने देखिन्छ । अत: विकास निर्माणका आयोजना संचालनका क्रममा लागत अनुमान गणना देखि सम्झौता तथा कार्यसम्पन्न समयमा संलग्न निकायहरु बिच स्पष्ट समन्वय तथा सहकार्यको खाकामा तय गरी कार्यक्रममा दोहोरोपना नआउने व्यवस्था गर्नुपर्दछ । | ४,८०४,००० |
| १९ | | | **नियमित गर्नुपर्ने**<br>**तिर्सेखोला घर्तिकाडा सडकको आइ.इ.ए.परीक्षण:-** नगरकार्यपालिकाको लागत अनुमान रु ३२२६८३८।१६ अनुसार दर्ता हुन आएका कोटेशन मध्ये सुमिना कन्स्ट्रक्सन एण्ड खत्रि सप्लार्यस बारकोट ६ जाजरकोटको कबोल अंक रु ३१९०९५०।९७ लाइ स्वीकार्य गरी नगर कार्यापालिकाको २०७८।१०।२४ गतेको बैठकबाट उक्त आइ इ ए प्रतिवेदन स्वीकृत गरेको पाइयो । सोही सडकखण्ड निर्माणका लागि २०७८।१०।२३ गते बोलपत्र आव्हानको सुचना प्रकाशन गरी अर्को दिन आइ इ ए प्रतिवेदन स्वीकृत गर्ने र सो वातावरणीय प्रभाव मुल्यांकनका लागि छनौट भएकै निर्माण व्यवसायीलाई सडक निर्माण कार्य गर्न स्वीकृत गरी सम्झौता गर्ने तर आइ इ ए स्वीकृत भएको सडक खण्डको वनमा वनकार्यालयले निर्माण कार्य गर्न नदिएको मौखिक जानकारी प्राप्त भएको जनाइ नगरकार्यापालिकाबाट फरक स्थान र भौगोलिक अवस्थिति भएको खण्ड जोगिनेटा उल्लेरी सडक निर्माण कार्य वडा नं १२ मा सम्पन्न गराइ भुक्तानी समेत दिलाएको अवस्थाले प्रारम्भिक वातारणीय प्रभाव परीक्षण प्रतिवेदन सरोकारवाला निकायसंग समन्वय नगरी हचुवाका आधारमा सम्पन्न गरी रु ३२२६८३८।२६ भुक्तानी गरेको पाइएकोले उक्त भुक्तानी कार्यलाई वस्तुगत र नियमसंगत मान्न नसकिएको रु | ३,२२६,८३८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **राष्ट्रपति शैक्षिक सुधार**<br>**राष्ट्रपति शैक्षिक सुधार :** विद्यालयहरुलाई भवन निर्माण लगायतका पूर्वाधार निर्माण तथा अन्य क्रियाकलापको लागि अनुदान वितरण गरी सकेपछि अनुगमन तथा निरीक्षण,कार्यसम्पन्न प्रमाण,कार्यसम्पन्न क्रियाकलाप सम्पन्न हुने फोटोहरु तथा आवश्यक विल विजक समेतका आधारमा फरफारक गर्नुपर्दछ । नगरपालिकाले प्रदेश मन्त्रालयबाट खाता रोक्का राख्नेपत्रका आधारमा सम्बन्धित विद्यालयको खाता बैंकमा रोक्का राख्न लगाइ अनुदान रकम देहायका विद्यालयलाई उपलब्ध गराइ खर्च लेखेको पाइयो । आवश्यक प्रकृया पुरा नभइ अनुदान खर्च लेख्ने पद्धतिलाई कानून सम्मत मान्न सकिएन् । उक्त विद्यालयहरुले निर्धारित क्रियाकलाप सम्पन्न गरेको कार्य सम्पन्न प्रतिवेदन,अनुगमन तथा निरीक्षण प्रतिवेदन सहित प्रमाण पेश हुनुपर्ने देखिएको रु | १०,८००,००० |

| सि नं | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम विद्यालय निर्माण विद्यायको नाम | कार्यविवरण | रकम |
|---|---|---|---|
| **१** | माध्यमिक विद्याय खागल वडा नं 06 | ४ कोठे भवन | 3600000 |
| २ | आधाभुत विद्यालय मुलपानी | 4 कोठे भवन | 1800000 |
| ३ | आ वि लेक नार्जि | 2 कोठे भवन | 1800000 |
| ४ | आ.वि. विजयश्वरी | 3 कोठे भवन | 1800000 |
| ५ | आ.वि नार्जि | 4 कोठे भवन | 1800000 |
| **जम्मा** | | | **१०८०००००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **लघु विद्युत लगायतका कार्य**<br>**ढोलढुङ्गा उपभोक्ता समितिलाई भुक्तानी**:- घर्तिकाडा सडक खन्ने कार्य नगर कार्यपालिकाको बैठकबाट फरक क्षेत्रमा निर्माण सम्पन्न गर्ने निर्णय भएपछि घर्तिकाडा खागल सडक स्तरोन्नति वडा नं ६ सिमेचौरे ढोलढुङ्गा उपभोक्ता समितिलाई कडा चट्टान ७३।१० क्यु मि नगम चट्टान २३९।५३ क्यु मि कडा जमिन माटो कट्टिङ्ग २१०८।५१ क्यु मि र नरम माटो जमिन कट्टीङ्ग ४८१२।०२ क्यु मि को मुल्यांकन गरी रु ९५००००। भुक्तानी दिएको पाइयो । भुक्तानी साथ संलग्न मुल्याँकन फारम र विल विजकको परीक्षण गर्दा डोर हाजिरबाट रु ३०५१२०। प्रतिक्षा निर्माण सेवा एण्ड सप्लार्यसको विलमा बकेट खनेको १०९ घण्टा रु ३९८३ दरले रु ४९०५८६।११ भाग्य लक्ष्मि आयल स्टोरको ३१८० लिटर को र ४५५५०६।७५ र ग्रिज १० केजि रु ५०० का दरले रु ५०००। समेत मेशनरी उपकरणको रु ९५१०९२।८६ विल विजक संलग्न रहेको पाइयो । उपभोक्ता समितिको वास्तविक योगदान वेगर डोर हाजिर राखेको आधारमा मेशिन प्रयोगबाट पुरै भुक्तानीको रकम खाम्ने गरेकोले उपभोक्ताको वास्तविक योग्दान गणना गरी असुल गर्न लगाउनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **प्रदेश प्रहरी तालिम केन्द्रका लागि जग्गा**:- नगरपालिकाको २०७५।९।३ को निर्णय नगरपालिकाको वडा नं ३ को अमाचौर उपयुक्त भुगोल भएकोले उक्त स्थानको जग्गा नगरपालिकाको नाममा ल्याइ प्रदेश प्रहरी तालिम केन्द्रलाई उपलब्ध गराउने गरी तात्कालिन नगर प्रमुख श्री विशाल शर्मालाई आवश्यक रकम उपलब्ध गराउने जनाइ रु ४००००००। पेश्की समेत सोही समयमा उपलब्ध गराइ लेखापरीक्षण प्रतिवेदन पश्चात सो पेश्की फर्छयौट गरिसकेको प्रदेश प्रहरी तालिम केन्द्र उक्त स्थानमा स्थापना गर्ने निर्णय सम्बन्धि प्रदेश र संघिय निकायबाट भएको प्रमाण वेगर तथा जग्गा प्राप्ति ऐन,२०३४ लगायतका कानुनले तोकेको आवश्यक कानुनी प्रकृया शुरू नै नभएको अवस्थामा लहडका भरमा जिम्मेवार पदाधिकारीबाट जग्गा खरिद पेश्की लिनु, नगरपालिकाले जग्गा खरिद गर्ने प्रकृया पुरा गरी सम्बन्धित जग्गा धनिलाइ सोझै चेक मार्फत भुक्तानीको व्यवस्था नगरेको कार्यलाइ आर्थिक अनुशासनका दृष्टिले सहि मान्न सकिदैन । यस सम्बन्धमा गत विगतको लेखापरीक्षण प्रतिवेदनको कार्यान्वियन समेतलाई मध्यनजर गरी वास्तविक के कति परीमाणमा के कति मुल्यमा जग्गा खरिद गरिएको हो सो को यथार्थ विवरण अद्यावधिक गर्नुपर्ने देखियो । त्यस्तै गरी आव २०७७।०७८ मा इन्भाइरोमेन्ट सर्भिसे एण्ड इन्जिनयरिङ्ग कन्सल्टेन्सी प्रा लि बाट रु ५०००००। मा प्रादेशिक प्रहरी तालिम केन्द्रको प्रारम्भिक वातावरणीय परीक्षण गराएको पाइयो । प्रादेशिक प्रहरी तालिम केन्द्र स्थापना सम्बन्धित निकायको अधिकारिक निर्णयवेगर नगरकार्यपालिकाबाट सो सम्बन्धि क्रियाकलापमा भए गरेको खर्च तथा क्रियाकलापलाई नियम विधि र प्रकृया सम्मत मान्न सकिएन् ।<br>**लघु जलविधुतको अभिलेख**:- स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयहरुको चल अचल सम्पति दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वत: हस्तान्तरण हुने व्यवस्था रहेको छ । विभिन्न कार्यालय तथा निकाय समेतको सहयोगमा यस नगरपालिका अन्तर्गत शहिद स्मृति लघु जलविधुत रहेको देखिन्छ । नगरपालिका क्षेत्र भित्र रहेका लघुजलविधुत तिनीहरुको संचालनको अवस्था नियमित संचालनको व्यवस्था तथा लाभग्राही नागरिकको संख्या लगायतको लघुजलविधुत सम्बन्धि अद्यावधिक अभिलेख तयार गरी राख्नुपर्ने देखिन्छ ।<br>**डोरहाजिरी फारम नियन्त्रण खाता:-** कार्यालयले प्रयोग गर्ने डोरहाजिरी फारम नियन्त्रण खाता (म ले प फा नं....) मा दर्ता गरी सिलसिलेवार नम्बर राखि प्रयोग गर्नुपर्दछ । नगरपालिकाले डोरहाजिरी नियन्त्रण खाता राख्ने गरेको छैन । प्रयोग भएका डोर हाजिरी फारममा सिलासिलेवार नम्बर कायम समेत गर्ने गरेको पाइएन । यसले गर्दा के कुन आयोजनामा के कति डोर हाजिरीफारमहरु कसको जिम्मेवारीमा के कुन काममा लागि जारी भए तथा सो जारी गर्नुका उद्धेश्य अनुरुप कार्य सम्पादन भए नभएको अवस्था मुल्यांकन गर्न सक्ने अवस्था रहेन । डोरहाजिरी फारम नियन्त्रणखाता खडा गरी माग फारमको आधारमा सिलसिलेवार नम्बर राखि जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन तथा मुल्याँकन हुने व्यवस्था गर्नु जरुरी देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२२</td><td></td><td></td><td>नियमित नदेखिएको<br>गत वर्षको भुक्तानी : आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली,२०७७ को व्यवस्था अनुसार सिर्जित दायित्व कार्यालयले अभिलेख तयार गरेर आन्तरिक लेखापरिक्षणबाट समेत प्रमाणित गरे पछि लेखापरीक्षणमा समावेश भएको तोकीए बमोजिमका खर्चहरुको बजेट र स्रोतको व्यवस्थापन गरी भुक्तानी गर्ने व्यवस्था रहेको छ । नगरपालिकाले गत वर्षको दायित्व मात्र जनाइ भौचर उठाइ भुक्तानी गर्ने गरेको कार्यलाई नियमित मान्न सकिदैंन । देहाय बमोजिम गत विगत वर्षको कानुन बमोजिम प्रमाणित दायित्व सिर्जना वेगर भुक्तानी गरेको रु १३१३४६६६/- अनियमित भएको रकम रु
<table>
<tr><th>सि नं.</th><th>आयोजनाको नाम</th><th>भुक्तानी बाँकि रकम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>1</td><td>खानेपानी आयोजना भुक्तानी वडा न.11/12</td><td>3957948</td><td>3957948</td></tr>
<tr><td>2</td><td>ब्लड बैक निर्माण वडा न.01</td><td>1877876</td><td>1877876</td></tr>
<tr><td>3</td><td>दाना उद्योगको ट्रस्ट निर्माण</td><td>7498842</td><td>7498842</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>13334666</td><td>13334666</td></tr>
</table></td><td>१३,१३४,६६६</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>भवन निर्माण</td><td></td></tr>
<tr><td>२३.१</td><td></td><td></td><td>सहिद पूर्ण शान्ति स्मृति भवन निर्माण: चौरजहारी नगरपालिका र निर्माण व्यवसायी बीच २०७८।१।२९ मा दुइ तले भवन निर्माण कार्यका लागि रु ८९८३५०२.२७ भ्याट सहित सम्झौता गरी भुक्तानी गरेको सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छ<br>क) कार्यसम्पादन जमानतको म्याद: नगर कार्यपालिकाले मिति २०७८।९।१५ सम्म म्याद थप गरेकोमा उक्त अवधि देखि थप १३ महिना सम्मको कार्यसम्पादन जमानतको म्याद थप गरेको देखिएन । कार्य सम्पादन जमानतको म्याद थप नगरी सम्झौताको म्याद थप गर्ने कार्य अनियमित देखिन्छ । कार्य सम्पादन जमानतको म्याद थप गराउनु पर्दछ ।<br><br>ख) प्रोभिज्नल समको भुक्तानी: निर्माण व्यवासायीलाइ गो भौ नं ३७- २०७८।१२।०७ बाट भुक्तानी भएकोमा प्रोभिजनल सम वापतको रु २२६०० भ्याट सहित भुक्तानी भएकोमा उक्त कार्यको पुष्टाइ गर्ने कर विजक पेश नगरेको देखिएकोले उक्तरकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु</td><td>२२,६००</td></tr>
<tr><td>२३.२</td><td></td><td></td><td>ग) म्याद थप वेगरको भुक्तानी: निर्माण व्यवसायी र नगरपालिकाबीच मिति २०७८।१।२९ मा सम्झौता गर्दा २०७८।३।२५ मा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा कोभिड १९ को कारण देखाइ मिति २०७८।९।१५ सम्म नगरपालिकाबाट म्याद थप गरेको देखिए पनि गो भौ नं ३७-२०७८।१२।०७ मा रु २९८४०००। अन्तिम बिल भुक्तानी गर्दा म्याद समाप्त भएको देखिएकोले म्याद थप वेगरको भुक्तानी अनियमित देखिएको रु</td><td>२,९८४,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **निर्माण कार्य**<br>**सहित समृति भवन निर्माण उपभोक्ता समितिलाई जटिल कार्य :-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिवाट निर्माण वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता,गुणस्तरियता वा दिगोपन अभिवृद्धि हुने भएमा वा परियोजनाको उद्देश्य रोजगारी सृजना गर्ने भएमा कार्य गराउन सकिने व्यवस्था छ। नगरपालिकाले सहिद शान्ति स्मृति भवन निर्माण कार्यको दुई तले भवन निर्माण कार्य निर्माण व्यवसायी संग रु.८९८३५०२.२९ मा गरी कार्य गरेको र सोही भवनको तेस्रो तला निर्माण कार्य गर्न भवन निर्माण उपभोक्ता समितिसंग रु ५१०००००/- मा सम्झौता गरी रु भुक्तानी गरेको छ । एउटै ड्रइङ डिजाइन इस्टिमेट भित्रको कार्य टुक्रा परी उपभोक्ता समितिबाट गराउनु तथा जटिल प्रकृतिको माथिल्लो तला उपभोक्ता समितिलाइ दिने गरी कार्य गराउनु खरिद ऐन नियम विपरित देखिन्छ ।यस किसिमको कार्यमा नियन्त्रण गर्नुपर्दछ ।<br>**गो भौ नं २०७९।१२।२७ पाखापानी** लुगाधुने खोला तिमिले ग्रामीण सौर्य खानेपानी उपभोक्ता समिति संग रु ३६५६५१५.३१ को सम्झौता गरी संरचना निर्माण लगायतको कार्य वापत रु २८५०००० नगरपालिकाबाट भुक्तानी भएको छ । उक्त कार्यमा खानेपानी सिंचाइ तथा उर्जा विकास कार्यालयबाट समेत कार्य भएको जनाएकोमा सम्पूर्ण कार्यको नाप जाँच र कार्य पृथकिकरण गरेको देखिएन । संरचना निर्माण गर्दा उपभोक्ता समितिले गरेको कार्य,नगरपालिकाको योग्दान तथा अन्य निकायको कार्य समेत नाप जांच गरी दोहोरोपना गर्ने गरी लागत सहभागिता देखिने गरी प्राविधिक नाप जाँच गरी योजना फरफारक गर्नुपर्दछ ।<br>**गो भौ नं ६५-२०७९।३।१** विद्यालयको ८ कोठे भवन निर्माण वापत न्यु विल्डर्स एण्ड सप्लार्यसलाई प्रथम रनिङ विल भुक्तानी गर्दा बालुवा सिमेण्ट डण्डीको ल्याव परीक्षण नगराइ रु ५६५०० भुक्तानी गरेकोमा परीक्षण गरेका विल तथा ल्याव रिपोर्ट पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गरिनु पर्दछ ।<br><br>**पाइप खरिद तथा वितरण:** गो भौ नं ४५-२०७८।१२।१६ नगरपालिकाले विभिन्न साइजका पाइप तथा फिटिङ्ग खरिद गर्न सुविना कन्स्ट्रक्सन एण्ड सप्लार्यस संगै सम्झौता गरी रु ३९८१२८७ भुक्तानी गरेको उक्त पाइप प्राविधिक पुष्टाइङ्का क्रममा डि पि आर ड्रइङ डिजाइन इस्टिमेट पुष्टाइ हुने नगरी माग फारमका आधारमा खर्च जनाएको छ । यसरी खरिद गरी वास्तविक प्राविधिक नाप जाँच गरी सम्बन्धित आयोजनामा मात्रै खर्च गर्नुपर्नेमा मागका आधारमा पाइप वितरण गर्ने गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।<br>**लघु उधम विकास कार्यक्रम**:- गरिबी निवारणका लागि लघु उधम विकास कार्यक्रम अन्तर्गत यस वर्ष नयाँ लघु उधमीको सिर्जना र उधमीहरुको स्तरोन्नती सम्बन्धी कार्यक्रम गर्न यस वर्ष जम्मा रु ३३ लाख बजेट व्यवस्था गरी रु ३०लाख ७९ हजार खर्च जनाइएको छ । नयाँ उधमी सिर्जना र उधमीहरुको सर्वेक्षण ग्राहक र बजार सर्वेक्षण, सीप तथा उपयुक्त प्रविधि सर्वेक्षण,उधमशिलता विकास तालिम,परिचालन सम्बन्धी तालिम प्रदान गरिएकोमा तिनीहरुलाइ निरन्तरता र थप समस्याको सम्बन्धमा आवश्यक प्राविधिक सहयोग प्रदान गर्ने तथा वास्तविक उधमीहरुमा मात्रै कार्यक्रम केन्द्रित गर्दै कार्यक्रमको प्रभावकारी अनुगमन मुल्यांकन गरी उधमीशिलताको प्रवर्द्धन गरिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **नगरबस तथा एम्बुलेन्स संचालन**<br>**एम्बुलेन्सको व्यवस्थापन तथा सञ्चालन** : नगरपालिकाले २ वटा एम्बुलेन्सस्ञ्चालन गरी ७५३००० आम्दानी गरेको रइन्धन तथा मर्मत सम्भारमा रु.२५५६६५३ तथा एम्वुलेन्स चालकको तलव भत्तामा रु.७९८६००समेत जम्मा रु. ४२०८२५३ खर्च गरेको छ । उल्लेखित एम्वुलेन्सले चालकको पारिश्रमिक,भत्ता लगायतका सञ्चालन खर्च वरावरको रकमसम्म पनि आम्दानी नगरे कै स्थितिमा एम्बुलेन्सस सेवा संचालन गर्दा नगरपालिकामा खर्च भार थपिदै जाने देखिन्छ । नगरपालिकाले एम्बुलेन्स सञ्चालन कार्यविधि बनाएरव्यवस्थित गरिनु पर्दछ । त्यस्तै गरी कार्यालयले विरामीको सेवामा एम्वुलेन्स पठाउदा सेवा तथा सोको आम्दानी स्पष्ट हुने गरी आदेश दिने पठाएको स्थानको अभिलेख राखी सोको निस्सा (टोकन) चालकलाई दिने गरेको पाउनुका साथै एम्बुलेन्स संचालन रजिष्टर खडा गरी नराखेर यथार्थ आधारमा संचालन गर्ने गरेको पाइयो । एम्वुलेन्स सेवालाई व्यवस्थित नगर्दा साधनको दुरुपयोग हुन सक्ने एम्बुलेन्स चालकको स्वविवेकमा आम्दानी तथा खर्चको पारदर्शिता नरहने र हिनामिना समेत हुनसक्ने देखिएको छ । नगरपालिकाले निर्देशिका बनाइ एम्वुलेन्स सेवा भरपर्दो तथा सो वाट प्राप्तहुने आम्दानीलाई पारदर्शि हुने गरी संचालन गर्न दिने र खटिएको स्पष्ट देखिने गरी हिसाव लिई राख्ने व्यवस्था तत्काल शुरु गरी व्यवस्थित गर्नु पर्ने देखिन्छ ।<br>**नगर वस सञ्चालन तथा व्यवस्थापन :**नगरपालिकाले गत वर्ष खरिद भएका ३ र यस वर्ष खरिद भएका २ नगर वस सहित जम्मा ५ नगर वस सञ्चालनमा ल्याएको छ । उक्त नगरवसले देहाय अनुसार यस वर्ष रु ४४३८९१०/- आम्दानी गरी खर्च रु ३६८२००१/- जनाएकोमा देखिएका व्यहोरा निम्नानुसार छन् । | |

| नगर वस | जम्मा आम्दानी | खर्च रु . | | | |
|---|---|---|---|---|---|
| | | इन्धन | मर्मत | सवारी चालक तथा सहचालक खर्च | जम्मा खर्च रु |
| नगरबस १७८ | २१२८७०० | ५१५००० | २९५१९१ | ५८९००० | १३९९१९१ |
| नगरबस १७९ | १२१५०५० | ४१५००० | २२५००० | ५८९००० | १२३८००० |
| नगरबस १७७ | १०९५१६० | ३९६००० | ११६८१० | ५३२००० | १०४४८१० |
| | | | | जम्मा | ३६८२००१ |

**क नगर वसको दिगो सञ्चालन :** नगरपालिकाले सहज र सुविधाजनक पहुँच स्थापित गर्न चौरजहारी नगरपालिकाको नगर वस सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७६ कार्यान्वयनमा ल्याएको छ ।उक्त निर्देशिको वुद्धा नं ६ (१) मा सहुलियत मूल्यमा टिकट प्रदान गर्ने व्यवस्था गरेको छ ।यस वर्ष ३ वटा वस सञ्चालन गरी जम्मा रु.४४३८९१० आम्दानी गरेकोमा इन्धन खर्चमा रु.१३२६०००,मर्मत खर्चमा रु.६३७००१।०० र सवारी चालक तथा सहचालक तलव भत्तामा रु.१७१०००० समेत जम्मा रु.३६७३०००।०० खर्च भएको छ । नगर वसको दिगो सञ्चालन र व्यवस्थापनको लागि नगरवसको आम्दानी र तथा खर्चलाई समेत विचार सशुल्क छुटको व्यवस्था लागु गरिनु पर्दछ । साथै ह्रासकट्टि कोष र वचतबाट जगेडा कोष खडा गरी भविष्यको लागि लगानी थप गर्न र पुराना बस प्रतिस्थापन गर्न सकिने हुन्छ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६</td><td></td><td></td><td>प्रमाण कागजात<br>सक्कल कर विजक वेगर भुक्तानी:- आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाइ सहितको लेखा राख्नुपर्ने तथा नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले तपसिलका भुक्तानीमा सक्कल विल उल्लेख नगरी फोटोकपी विलका आधारमा भुक्तानी गरेको देखिएकोले सक्कल विल पेश गर्नुपर्ने रु<br>
<table>
<tr><td>भौ नं मिति</td><td>आपूर्तिकर्ताको नाम</td><td>कैफियत</td><td>रकम</td></tr>
<tr><td>८०-०७८।११।२५</td><td>सलिम फर्निचर उधोग</td><td>फोटोकपि विल</td><td>४९९९१२/-</td></tr>
<tr><td>१११-०७८।१२।७</td><td>सिद्धमाइ इन्जिनियरिङ्ग कन्सल्टेन्सी एकव कन्स्ट्रक्सन प्रा लि</td><td>फोटोकपि विल</td><td>४७६२९५/-</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९७६२०७/-</td></tr>
</table></td><td>९७६,२०७</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>शैक्षिक अनुदान</td><td></td></tr>
<tr><td>२७.१</td><td></td><td></td><td>शैक्षिक सामाग्री अनुदान:- विद्यालयलाई आइसिटी ल्याव,पुस्तकालय आदी स्थापना गर्न अनुदान दिइ कार्यसम्पन्न,अनुगमन प्रतिवेदन सामग्री खरिदका बिल विजक समेतका आधारमा अनुदान पेश्कि फर्छयौट गर्नुपर्दछ । नगरपालिकाले देहाय विद्यालयहरुलाई उपलब्ध गराएको आइसिटी ल्याव,पुस्तकालय स्थापना भएको कार्यसम्पन्न समेत अद्यावधिक विवरण प्राप्त हुन बाँकी रहेको देखिन्छ । आइ सि टी ल्याब,पुस्तकालय स्थापना भएको प्रमाण पेश हुनुपर्ने रु<br>
<table>
<tr><th>सि नं</th><th>विद्यालयको नाम</th><th>अनुदानको किसिम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>जनकल्याण मा वि जोगिनेटा</td><td>विज्ञान प्रयोगशाला</td><td>६५००००</td></tr>
<tr><td>२</td><td>बालहित मा वि साक्पाखोला</td><td>कम्प्युटर इन्टरनेट</td><td>६५००००</td></tr>
<tr><td>३</td><td>मा वि खहरो</td><td>पुस्तकालय</td><td>६५००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१९५००००</td></tr>
</table></td><td>१,९५०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७.२ | 360 | २०७९-३-२५ | दिवा खाजा आर्थिक वर्षको अन्तिममा अर्थात् मिति २०७९।३।२३ गते विभिन्न २१ विद्यालयलाइ दिवा खाजा वापतको खाधन्न खरिद गरी नगरपालिकाले विद्यालयलाई रु ९९९३०५ को खाध सामग्रि प्रदान गरेकोमा असार अन्तिम समयमा उक्त सामाग्री वितरण गरी सम्बन्धित विद्यालयले खाजा उपयोग गर्न सक्ने देखिदैन आर्थिक वर्षको अन्तमा खाधन्न वितरण गर्ने कार्यमा नियन्त्रण गरिनु पर्नुका साथै शैक्षिक क्यालेण्डर,विद्यार्थीको उपस्थिति अभिलेख,विद्यालय संचालन हुने दिन समेतलाई विश्लेषण गरी अद्यावधिक रुपमा दिवा खाजा वितरण हुने सुनिश्चिता गरी दिवा खाजा खाधान्न क्रियाकलापलाई वितरण गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| २८ | 108 | २०७८-१०-१८ | **दिवा खाजा**<br>नगरपालिकाले दिवा खाजाका लागि प्रति विद्यार्थी रु १५ का दरले भुक्तानी गरेकोमा वाल हित आधारभुत विद्यालय नाउलीलाइ EMIS मा उल्लेखित तथ्याङ्क भन्दा १०० विद्यार्थीलाई बढी संख्यामा १४० दिनको जम्मा रु २१०००० उपलब्ध गराएको पाइयो । इ मिस मा उल्लेखित तथ्यांक भन्दा बढी विद्यार्थीलाई उपलब्ध गराएको दिवा खाजा सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु | २१०,००० |
| २९ | 320 | २०७९-३-२३ | **प्रमाण कागजात**<br>प्रमाण वेगरको बजेट खर्च: आधारभुत तहका कार्यरत शिक्षकहरु तलब भुक्तानी भएको भनि रु १९१५०९० खर्च जनाएकोमा उक्त खर्चलाइ पुष्टाइ गर्ने विल भरपाइ वेगर खर्च जनाएकोले खर्चको पुष्ट्याइ पेश गर्नुपर्ने रु | १,९१५,०९० |
| ३० | 318 | २०७९-३-२३ | **हिसाव मिलान**<br>हिसाव मिलान नभएको:- विभिन्न कारोबारहरुको डेविट र क्रेडिट तथा विविध तर्फ रहेको अंक हिसाव मिलान भएको पाइएन् ।यस सम्बन्धित व्यहोरा निम्नानुसार रु १५८२१७८ बजेट खर्च जनाएकोमा डेविट तर्फ खर्च समायोजन गरेको तथा क्रेडिट तर्फ विभिन्न कट्टी रकमको रु ७८६०९३ को हिसाव समायोजन गरेको छैन । उक्त हिसाव एकिन गरी मिलान भएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु | ७८६,०९३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१</td><td></td><td></td><td>

**अतिरक्त भुक्तानी**

**बढी दरमा भुक्तानी** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ र नियमावलीको नियम १० मा लागत अनुमान तयार गर्दा स्वीकृत दररेट समेतका आधारमा लागत अनुमान गणना गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायका निर्माण कार्यमा लागत अनुमान तयार गर्दा फरक दर उल्लेख गरेको कारण रु ६२७५२३/- बढी भुक्तानी भएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु

<table>
<tr><th>सि नं</th><th>आयोजनाको नाम</th><th>उपभोक्ता समिति</th><th>कार्य</th><th>हुनुपर्ने दर (मेशिनको)</th><th>भएको दर (मानिसको )</th><th>फरक</th><th>सम्पन्न परिमाण</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>चमेरे गुफा मालिका पदमार्ग निर्माण कार्य</td><td>चमेरे गुफा पदमार्ग उ स</td><td>कडा चट्टान</td><td>९३६.८९</td><td>१७९६.८४</td><td>८५९.९५</td><td>६७.७३</td><td>५८२४४</td></tr>
<tr><td>२</td><td>चमेरे गुफा मालिका पदमार्ग निर्माण कार्य</td><td>चमेरे गुफा पदमार्ग उ स</td><td>नरम चट्टान</td><td>१४५.५</td><td>५१९.१२</td><td>३७३.६२</td><td>१३४.८६</td><td>५०३८६</td></tr>
<tr><td>३</td><td>चमेटे गुफा पर्यटकिय पदमार्ग</td><td>पर्यटकीय पदमार्ग नि उ स</td><td>नरम चट्टान</td><td>९३६.८९</td><td>१७९६.८४</td><td>८५९.९५</td><td>६७.७३</td><td>५८२४४</td></tr>
<tr><td>४</td><td>चमेटे गुफा पर्यटकिय पदमार्ग</td><td>पर्यटकीय पदमार्ग नि उ स</td><td>नरम चट्टान</td><td>१४५.५</td><td>५१९.१२</td><td>३७३.६२</td><td>१३४.८६</td><td>५०३८६</td></tr>
<tr><td>५</td><td>तल्पापोखरा टकालठन्ना सडक नि</td><td>तल्नापोखरी टकालठन्ना सडक नि उ स</td><td>कडा चट्टान</td><td>९३६.८९</td><td>१७९६.८४</td><td>८५९.९५</td><td>६३।६८५</td><td>४१०२६३</td></tr>
<tr><td colspan="8">जम्मा</td><td>६२७५२३</td></tr>
</table>

</td><td>६२७,५२३</td></tr>
<tr><td>३२</td><td>374</td><td>२०७९-३-२५</td><td>

**शैक्षिक कार्यक्रम**

शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान वापत नगरपालिकाले रु १४८३६४० खर्च जनाएको पाइयो । उक्त खर्चको पुष्टाइ गर्ने विल भरपाइ पेश गर्नुका साथै शैक्षिक गुणस्तर सुद्धढिकरण भएको तथा कार्य सम्पादन हासिल भएको सुनिश्चित गर्नुपर्ने रु

</td><td>१,४८३,६४०</td></tr>
</table>



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **रनिङ्ग विल अनुसारको भुक्तानी**<br>**रनिङ विल अनुसारको भुक्तानी** : पाथिहल्ना खेल मैदान निर्माण उपभोक्ता समिति र नगरपालिकाबीच सम्झौता गरी प्रदेश र नगरपालिका र प्रदेश म्याचीङ्ग फण्ड अन्तर्गत रु २९९४७६५.३५ मा सम्झौता गरी प्रथम रनिङ विलबाट रु १०१४२०४.९४ दोस्रो रनिङ वीलबाट रु १०७४१०९.३८ र तेस्रो रनिङ्ग विलबाट रु ५१०६६१.३४ समेत जम्मा रु २५९८९७५.६६ भुक्तानी गरेको छ । उल्लेखित बिलहरु सम्झौतामा उल्लेखित परिमाण र दरहरु प्रथम रनिङ विल देखि तेस्रो रनिङ विल सम्म फरक फरक उल्लेख गरेको देखिएकोले उल्लेखित कार्यको भुक्तानी रकमको सुरु सम्झौता प्रथम दोस्रो र तेस्रो रनिङ्ग विल नाप जाँच नापी किताब सहितको प्राविधिक प्रतिवेदन पेश हुनुपर्ने रु | २,५९८,९७५.६६ |
| ३४ | | | **नियमित गर्नुपर्ने**<br>**तिर्सेखोला ढोलढुङ्गा सडक निर्माण कार्य**:- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६ को उपनियम(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभइ निर्माण स्थलबाट हटाउनुपर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभइ मुआब्जा वा क्षर्तिपुर्ति वितरण गर्नुपर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानुन बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराइ बोलपत्र आव्हान गर्नु हुदैन भने व्यवस्था छ । नगरपालिकाले घर्तिकाडा ढोलढुङ्गा सडक वडा नं ६ सडकमा निर्माण गर्न २०७८।१०।२३ को सुचनाका आधारमा पेश भएको बोलपत्र मध्ये छनौट भएको सविना कन्स्ट्रक्सन एण्ड खत्रि सप्लार्यस बारकोट ७ जाजरकोटको कबोल अंक रु ३१९०९५०।९७ स्वीकार्य गर्न निर्णय गरी २०७८।१२।१६ मा २०७९।२।३० सम्म सम्पन्न गर्ने गरी सम्झौता गरेको थियो । नगर कार्यपालिकाको २०७९।२।२३ गतेको निर्णयमा तिर्सेखोला घर्तिकाडाँ ढोलढुंगा सडक वडा न ६ का लागि सविना कन्स्ट्रक्सन एण्ड खत्रि सप्लार्यससंग सम्झौता भए बराबरको परिमाणको कार्य जोगिनेटा उल्लेर सडक निर्माण कार्य वडा नं १२ मा सम्पन्न गरी भुक्तानी दिने उल्लेख भएको आधारमा नगरपालिकाको २०७९।३।८ मा भेरिएशन सम्बन्धमा पेश भएको टिप्पणी र आदेशमा प्रमुख प्रशासकिय अधिकृतबाट आर्थिक प्रशासन राय दिनु हुन तोकोदेश भएको भेरिएशन आदेश स्वीकृत भएको पाइएनन् सम्झौता भन्दा फरक कार्य सम्पन्न गरी गराइ रु ३१८०२६६।४९ भुक्तानी गरेको पाइयो । निर्माणस्थलको यकिन नगरी बोलपत्र आव्हान गरी ठेक्का सम्झौता गर्ने र नगरकार्यापालिकाको निर्णयको आधारमा भेरिएशन स्वीकृत नगराइ ठाडो रुपमा भुक्तानी गरेको कार्यलाई नियम र प्रकृयासंगत मान्न नसकिएको सविना कन्स्ट्रक्सन एण्ड खत्रि सप्लार्यसलाई गरिएको भुक्तानी रु | ३,१८०,२६६ |
| ३५ | | | **असुल हुनुपर्ने**<br>**बहाल कर:-** आयकर ऐन,२०५८ को दफा ८८ मा कुनै पनि सवारी साधन भाडामा मोटर एस्काभेटर लगाएका सेवाहरु लिंदा भुक्तानीमा तोकिएको प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सडक बोर्ड तर्फको उपभोक्ता समिति मार्फत सडक मर्मत सम्भार कार्यक्रम चौरजहारी वडा नं ४,५,१० रु ११४०३९०.६७ को कार्यक्रम सम्पन्न भइ भुक्तानी गर्दा ढुवानीको लागि भे १ त ५६३३को ट्याक्टरको भाडा रु ४०००० मा १०% का दरले रु ४०००.०० बहाल कर कट्टी गरी बाँकि रकममात्र उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्नेमा बहाल कर कट्टी गरेको पाइएन । अत: ढुवानि भाडा रु ४०००० को १०% का दरले रु ४०००/ असुल गरि दाखिला गर्नुपर्ने रु | ४,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **फिर्ता गर्नुपर्ने रकम**<br>**हाट बाजार नारायण** बस्ती स्याना खोला सडक मर्मत कार्यक्रमको लागि सडक बोर्डबाट प्राप्त बजेट अनुदानबाट विभिन्न गोश्वारा भौचरबाट उपभोक्ता समितिबाट सम्पन्न कार्यको लागि रु ९६५०००/- भुक्तानी गरेको छ । रु ११९१७७५/- को मुल्याँकनमा उपभोक्ताको अनुपातिक कट्टी घटाइ भुक्तानी गर्दा रु ८२५०७५।– हुनुपर्नेमा रु ९१६७५०/- भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु ९१६७५/- असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु | ९१,६७५ |
| ३७ | | | **जमानत भन्दा बढी पेश्की**<br>**बैंक जमानता भन्दा बढी पेश्की:**- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ को उपनियम ३(१) बमोजिम पेश्की दिंदा निर्माण व्यावसायी वा सेवा प्रदायकबाट त्यस्तो पेश्की रकम खामने गरी र निजले सम्झौता बमोजिम काम नगरेमा सो निकायले अनुरोध गरेपछि तत्काल त्यस्तो निकायलाई भुक्तानि गर्ने गरी वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत लीई पेश्की दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले१५ बेडको अस्पताल निर्माण गर्नबीकोइ-जय बागेश्वरी माता जेभी लाइ दुइ किस्तामा रु २६६२००००/- मोबिलाइजेशन पेश्कि दिंदा प्राइम बैंक लिमिटेड कमल पोखरीबाट जारी रु २३५०००००/- र रु ३१०००००/- गरी रु २६६००००००/- मात्रको अग्रिम बैंक जमानत स्वीकार्य गरेको पाइयो । रु २६६२००००/- मोबिलाइजेशन पेश्की दिंदा सो बराबरको अग्रिम बैंक जमानतको सट्टामा घटी जमानत स्वीकार्य गरेकोले घटी जमानत रु २००००/- निज जेभीबाट व्याजसहित असुल गर्नुपर्ने देखिएको रु | २०,००० |
| ३८ | | | **घटी जमानत**<br>**घटी जमानत** :- सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा ४(३) को अवधि भित्र सम्बन्धित बोलपत्रदाताले कार्यसम्पादन जमानत दाखिला गरी दफा ५२ बमोजिमको खरिद सम्झौता गर्नुपर्दछ । यसरी जमानत दाखिला गर्दा बोलपत्रले लागत अनुमान भन्दा १५% सम्म कम अंक कबोल गरेमा कबोल अंकको ५% र लागत अनुमानको १५% भन्दा घटेर कबोलको अवस्थामा १५% भन्दा जति अंकले घटी कबोल गरेको छ । सो को ५०% ले हुने आउने रकम कबोल अंकको ५% मा थप गरी कार्य सम्पादन जमानत वापत दाखिला गर्नुपर्ने व्यवस्था छ । नगर कार्यपालिकाले शहिद स्मृति भवन निर्माण गर्न एम वि कन्स्ट्रकसन संग रु ८९८३५०२।२८ को सम्झौचा गर्दा लागत अनुमान रु १४५७५४११।४७ भन्दा ३८.३६% घटी कबोल गरेकोमा रु ३८५४७७५/- कार्य सम्पादन जमानत दाखिला गराउनुपर्नेमा रु २९६६०६०/- मात्र दाखिला गराएकोमा रु ८८८७१५/- घटी कार्य सम्पादन जमानत दाखिला गराएको पाइयो । घटी दाखिला गराएको रु ८८८७१५/- अविलम्ब कानुनले निर्धारण गरेको म्याद अवधिसम्म रहने गरीको काय सम्पादन जमानत गराउनुपर्ने रु | ८८८,७१५ |
| ३९ | | | **बढी भुक्तानी**<br>**बढी भुक्तानी** :- सडक मर्मत सम्भार उपभोक्ता समितिलाई कार्यसम्पादनको मुल्याँकनका आधारमा अनुपातिक कट्टी गरेर मात्र भुक्तानी गर्नुपर्दछ । सडक मर्मत सम्भार कार्यक्रम चौरजहारी वडा ४,५,१० उपभोक्ता समितिलाई विभिन्न भौचरबाट रु ९८१८३५/- भुक्तानी गरेको छ। सम्झौता अनुसार रु ११४०३९०.६७ नापी मुल्याँकन अनुसार अनुपातिक कट्टी गरी रु ८८३६४२.५० भुक्तानि\ दिनुपर्नेमा रु ९८१८२५ भुक्तानी गरेको देखिएको बढी भुक्तानी दिएको रु ९८१८२.५० असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु | ९८,१८२.५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४० | | | **जमानत अवधि**<br>**जमानत अवधि**:- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११०(४) बमोजिम खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक उपनियम १ बमोजिमको कार्यसम्पादन जमानतको म्याद अवधि त्यस्तो सम्झौतामा उल्लेखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नुपर्ने वा प्रत्याभुति वारेण्टीको अवधि वा निर्माण कार्यको त्रुटी सच्याउने दायित्वको अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्ने छ । नगरपालिकाले १५ शैय्याको अस्पताल निर्माण गर्न रु २०११४३०३४.८७/- लागत अनुमान स्वीकृत गरी बोलपत्रको माध्यमबाट छनौट गर्दा रु १३३१५३५३३.५२ (मु अ क समेत ) को कबोल गर्ने बिकोइ जय बागेश्वरी माता जेभी संग २०८०।५।९ सम्ममा कार्य सम्पन्न गर्ने गरी निर्माण कार्यको ठेक्का सम्झौता गर्दा प्राइम कर्मसियल बैंकबाट २०८१।४।३० सम्मको म्याद भएको रु २५५६६७०० को कार्य सम्पादन जमानत स्वीकार्य गरी सम्झौता गरेको पाइयो । कानुनले निर्धारित अवधि सम्मको जमानतको म्याद तत्कालय थप गराउनुपर्ने देखिन्छ । | |
| ४१ | | | **गिट्टी ढुंगा बालुवा लगायतका अन्य कर** | |
| ४१.१ | | | **मुल्यअभिवृद्धि करछुट भएको:**मुल्य अभिवृद्धि कर ऐन,२०५३ को दफा १५ को उपदफा ३ अनुसार मुल्य अभिवृद्धि कर वस्तुको विक्रीमा मुल्य अभिवृद्धि कर लगाउनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले नदिजन्य पदार्थका लागि मिति २०७८।०६।१० मा प्रथम पटक सूचना प्रकाशन गरेको भेरी नदीको बाँसखोला, रानीबगर ,लामा बगर घाटबाट २०७२०७२ घन फि.टको रु ४१४५०००।०० मूअकर बाहेक र जहारीखोला कालीगाढ, टोटा खोला, नार्जे खोला घाटबाट १२६५०० घन फि.ट को रु २५३१२०० मूअकर वाहेक नदिजन्य पदार्थ उत्खन्न कार्य गर्न वोलपत्र आह्never भएकोमा पटक पटक गरी तीन पटक सूचना प्रकाशन गर्दा पनि कुनै पनि वोलपत्र खरिद नभएकोले नगरपालिका आफैले यस वर्ष रु रु.२२०६५१६ गिट्टी ढुंगा बालुवा बिक्रिवाट आय प्राप्त गरेकोमा उक्त विक्रिमा लाग्ने रु.२८६८४८ मुल्य अभिवृद्धि कर समावेश नगरी विक्रि गर्दा कर छुट भएको छ। नागरपालिकाले नदिजन्य पदार्थको आफै विक्रि गर्दा समेत मुल्य अभिवृद्धि कर समेतअसुल गर्नु पर्दछ ।<br><br>**राजस्व रकम समयमा दाखिला नभएको** – आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ५८(४) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा बैंक दाखिलागर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले दुइ, तीन महिना पछि मात्र आम्दानी बैंक दाखिला गर्ने गरेको देखियो । समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान आकर्षण गर्दै ढीलो दाखिला गर्नेलाइ सुद सहित समयमै दाखिला गराउन लगाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१.२ | | | **गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को साबिक दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा बागमति प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७६ को दफा ९ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी ब्यबस्था गरेको छ । संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानियले सङ्कलन गरी प्रदेश र स्थानिय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानिय सरकार सञ्चालन ऐनको दफा ६२(क) बिपरित देखिन्छ । यस पालिकाले गिट्टी ढुंगा बालुवा बिक्रिबाट यसबर्ष रु.२२०६५१६राजस्व प्राप्त गरेकोमा स्थानिय संचितकोषमा जम्मागरी रु. रु.२२०६५१६.बाँडफाँड गर्न बाँकी देखिएको छ ।उक्त रकमको ४० प्रतिशत रु ८८२६०६ प्रदेश संचित कोष दाखिला हुनुपर्दछ। गिट्टी ढुंगा बालुवा बिक्रिबाट प्राप्त हुने राजस्व उत्पतीको आधार एबं सो राजस्व सङ्कलन गर्दा पर्ने बाताबरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानुन तर्जूमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजस्व संकलन उक्त रकमको ४० प्रतिशत रु ८८२६०६ प्रदेश संचित कोष दाखिला हुनुपर्ने रु | ८८२,६०६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **पेश्की बाँकी**<br>**पेश्की बाँकी ः–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की भुक्तानी तथा फर्स्यौट गर्ने कानूनी व्यवस्था छ । खरिद सम्झौतामा निर्माण व्यवसायीले पेश गरेको बिलबाट ३० प्रतिशतका दरले कट्टी गर्ने र सम्झौता रकमको ८० प्रतिशत भुक्तानी हुँदासम्म पुरै पेश्की फर्स्यौट गर्नुपर्ने व्यवस्था छ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की लिने र काम सम्पन्न भएको १५ दिन भित्र पेश्की फर्स्यौट गर्नु पर्ने व्यवस्था छ। गाँउपालिकाले देहाय अनुसार व्यक्ति तथा संस्थालाई दिएको पेश्की फर्स्यौट नगरी बाँकी देखिएको रु.३२८३५००।०० असुल फर्स्यौट गरिनु पर् | ३,२८३,५०० |

| गौ.भौ.न/ मिति | पेश्की लिनेको नाम | रकम | | |
|---|---|---|---|---|
| गौभौ नं 22/ मिति २०७8/०9/08 | विजयश्वरी निर्माण सेवा | 1636000 | | |
| गौभौ नं 29/ 2078/09/19 | विजयश्वरी निर्माण सेवा | 300000 | | |
| गौभौ न 01/ 2078/04/01 | खाद्य व्यवस्था तथा ब्यापार कम्पनी लिमिटेड | 727500 | | |
| | सितल पून मगर | 120000 | | |
| 2078/07/28 गौ भौ नं 66 | कृष्णा प्रसाद शर्मा | 500000 | | |
| **जम्मा** | | **3283500** | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **दोहोरो भत्ता वितरण**<br>**सामाजिक सुरक्षातर्फ बढी निकासा** – सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण गर्नु पर्ने व्यवस्था छ । लाभग्राहीहरुका एउटै खातामा दोहोरो भुक्तानी रु ८१९२४।- भएकोले सो रकम निजहरुबाट असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु | ८१,९२४ |

| लाभग्राहीको नाम | वडा | खाता नं | सामाजिक सुरक्षा भत्ता | दर | त्रैमासिक सं | जम्मा |
|---|---|---|---|---|---|---|
| विहान बाबु गिरी | १ | ०५४२००५७३७१ | बालबालिका पोषण | १५९६ | प्रथम | १५९६ |
| रमेश कुमाल | २ | ०५४२००१९३०० | बालबालिका पोषण | १५९६ | प्रथम | १५९६ |
| प्रिन्स बुढाथोकी | ३ | ०५४२००५८५५२ | बालबालिका पोषण | १५९६ | प्रथम द्बितिय तृतीय | ६३८४ |
| बलविर कटुवाल | ५ | ४३३०१००००१६९११९ | जे ना दलित | | प्रथम | ८९८० |
| संगिता कामी | ५ | ४३३०१००००१७२६११९ | दलित बाल | १५९६ | पुरा | ६३८४ |
| विरनी कामी | ६ | ४३३०१००००१०५३११९ | जे ना अन्य | १२००० | २ | २४००० |
| अनमोल कामी | ६ | ४३३०१०००००७४७११९ | दलित बाल | १५९६ | ४ | ६३८४ |
| अनुष्का सुनार | ७ | ४३३०१०००००७६०११९ | दलित बाल | १५९६ | ४ | ६३८४ |
| शिद्धान्त ओली | ७ | ४३३०१००००१९७०११९ | बालबालिका | १५९६ | ४ | ६३८४ |
| लक्ष्मण चन्द्र | ८ | ४३३०१००००१२५८११९ | क्षै ता बालबालिका | १५९६ | ४ | ६३८४ |
| स्मारिका खड्का | ९ | ४३३०१००००१२४०११९ | | | | १०६४ |
| अर्जना सार्की | ९ | ४३३०१०००००३१११९ | दलित बालबालिका | १५९६ | ४ | ६३८४ |
| | | | | | जम्मा | ८१९२४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **जहारीखोला नमुना कृषि सहकारी,गत विगतको अनुदान,वैकल्पिक उर्जाको प्रयोग** | |
| ४४.१ | | | **नगरपालिका तर्फ गतविगत वर्षको अनुदान**:- | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | सि नं | आ व | कार्यक्रम/ क्रियाकलापको नाम | अनुदान रकम | कैफियत | |
| | | | १ | २०७५।७६ | जहारीखोला,समुहिक कुखराफार्म | २८५२०० | यस सहकारिको २०० वर्ग मिटर जग्गा २० वर्षको लाथि लिजमा लिएर ल्यावको लागि अनुदान दिएको | |
| | | | | | ल्याव भवन निर्माणका लागि चौरजहारी श्रमिक सहकारी संस्था लि लाइ भवन निर्माण अनुदान | २७२०७०३।७८ | | |
| | | | २ | २०७४।०७५ | फलफुल उत्पादन कृषक समुह खोलागाउँ ११ | ५००००० | सहकारीमा आवद्ध कृषकका लागि अनुदान दिइको जनाएको । | |
| | | | ३ | २०७६।०७७ | भवन निर्माण | ७०००००० | ठेक्का व्यवस्थापन तथा उपभोक्ता समिति मार्फत कार्यक्रम संचालन अनुदान उपलब्ध गराएको । | |
| | | | | | वायोग्यास निर्माण | १२५०००० | | |
| | | | | | लक्षित वर्ग भवन निर्माण | ११८९४६२ | | |
| | | | | | शौचालय निर्माण | १३२५०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | टिष्यु कल्चर भवन | १०००००००० | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | कापि उधोगको लागि उपकरण खरिद | २०००००००० | | |
| | | | | | दाना उधोगका लागि उपकरण खरिद | ५१९८००० | | |
| | | | | | जुस उधोगका लागि उपकरण खरिद | १०००००० | | |
| | | | | | ४७६-०७७।३।३१ भौचरबाट भुक्तानी गरेको | १२०००० | | |
| | | | ४ | २०७७।०७८ | पोल्ट्रि फिड भवन निर्माण | ९४९९००० | उधोग ग्राम संचालन तथा व्यवस्थापनको विस्तृत परियोजना तयारीका लागि सिस्टमेटिक इन्जिनयरिङ्ग एसोसिएट्स कन्सल्टयान्सी रकम रु १४०००००/ भुक्तानी हुनुका साथै अन्य परमर्श सेवाका लागि निम्नलिखित फर्मलाई खर्च लेखेको छ ।<br>क)ग्राभेन्ट उधोग बोलपत्र निर्माण- रु ५०८५०<br>ख) जुस उत्पादन मेसिनरी-रु ५०८५०<br>ग) नोटबुक उत्पादन मेसिनरीरु ५०८५०<br>(आइ के इ कन्सल्टेन्सी प्रा लि लाइ रु १५२५५०) | |
| | | | | | आर सि सि कुलो निर्माण | २८१३००० | | |
| | | | | | डेरी उधोग सामग्री खरिद | ९७८५०० | | |
| | | | | | प्लोर मिल तथा राइस मिल | ९९५००० | | |
| | | | | | दुइ रङ्ग अफसेट प्रिन्टिङ्ग प्रेस (अर्ध | २८८ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | कम्प्युटर बुनाइ मेसिन) | १५०० | |
| | | स्ट्रक्चरल निर्माण कार्य | २६४५५७० | |
| | | पोल्ट्रि फिड ग्रानुयल मेसिन प्लान्ट | ४६००००० | |
| | | ट्रष्ट निर्माण | ९३८१०४ | |
| | | जम्मा | २८०५६०८४ | |
| | | कुल जम्मा | ५९४५१९४९/७८ | |

ठुलो परिमाण, धेरै क्रियाकलाप र कार्यक्रमका लागि नगरपालिकाले अनुदान वितरण गरेको भएतापनि सहकारीको संचालन र व्यवस्थापन विश्वसनिय उत्पादनमुलक तथा रोजगारी सृजना गरी सदस्यको आर्थिक सामाजिक हित प्रवर्द्धन भन्दा पनि राज्यबाट अनुदान प्राप्त गरि हाल्ने मनसाय समेत रहेको देखिनुका साथै उक्त सहकारीका शेयर होल्डर नगरपालिकाका पूर्व र वर्तमान पदाधिकारी वातिनको एकाघरका परिवारिक सदस्य रहेको देखिदा अनुदान वितरणमा हितको विवाद समेत भएको देखिन्छ । नागरिकको वृहत हितमा राज्य कोषको दुलर्भ रकम सदुपयोग हुनुपर्नेमा वालुवामा पानी हाल्ने सरह यस जहारीखोला नमूना कृषक सहकारी संस्था लि र सो स्थापना गर्न खडा गरिएका उधोग ग्रामका संरचनाहरु निर्माण गरिएको देखिन्छन् ।

क)संचालनको व्यवस्थित कार्ययोजना र रणनितिक योजना वेगर लइहका भरमा खडा भएका संरचना संचालन गर्न जनशक्ति उपलब्धता व्यवस्थापन र परिचालन समेतमा नगरपालिका र सहकारीको विश्वसनिय पहल भएको देखिदैन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ख) जिल्ला स्थित अन्य निकाय कृषि,पशुसेवा,खानेपानी,सिंचाइ,पूर्वाधार,प्रदेशका निकायको अद्यावधिक विवरण तयार गर्न लगाइ सोको समुचित उत्पादनमुलक उपभोग गर्ने व्यवस्था गर्नुपर्दछ ।<br>ग ) विभिन्न औधोगिक उपकरणहरु जडान गरिएको तर सो का लागि आवश्यक पर्ने चार फेज विद्युत लाइनको उपलब्ध समेत नभएको अवस्थामा उक्त मेसिनरी उपकरणहरु उपयोगविहिन अवस्थामा रहेका पाइयो ।<br>घ) कतिपय औधोगिक उपकरण मेशिनरीहरुको जडान क्यालिब्रेशन वारेन्टि तथा मर्मतसम्भारको व्यवस्था संचालनकव अभावमा खेर गैरहेको देखिन्छ । नगरपालिका र सहकारीसंस्थाको पहलमा संस्था संचालन सम्बन्धि कार्यविधि वा मापदण्ड निर्माण गरी अभिलम्ब उक्त सहकारी संस्थालाई व्यवस्थित रुपमा संचालनमा ल्याउनुपर्दछ ।<br>ङ) स्थलगत अनुगमनका क्रममा उपरोक्त नमुना सहकारी र तथा कथित उधोगग्राम संचालन लागि जनशक्ति कच्चा पदार्थको नियमित उपलब्धता तथा उत्पादनको बजारको सम्भावना अध्ययन अनुसन्धान वेगर यस प्रकार संरचना खडा गरेको पाइयो । हचुवाका भरमा यसप्रकार लगानी गरेको कार्यलाई उचित मान्न सकिने देखिएन् ।<br>च) सहकारी संस्थाको वितिय विवरणमा विभिन्न सरकारी निकायबाट प्राप्त भएका अनुदान खर्चलाई समावेश गर्ने नगरेकोले गर्दा सहकारी संस्थाको वितिय विवरण र आर्थिक क्रियाकलापको लेखांकन समेत त्रुटिपूर्ण देखिन्छ । | |
| ४४.२ | | | **वैकल्पिक उर्जाको उपयोग**:- नगरपालिकाले ३३ थान इन्डक्सन चुल्हो र सुधारिएको चुल्हो ३५ थान रु २९९२३५/ मा खरिद गरी वितरण गरेको पाइयो । उक्त इन्डक्सन चुल्हो र सुधारिएको चुल्हो प्राप्त गर्ने नागरिकको वैकल्पिक उर्जाको उपयोगबाट परेको प्रभाव र भविष्यमा थप यस प्रकारका कार्यक्रम संचालन गर्नुपर्ने सम्बन्धमा प्रभाव मूल्यांकन गरेको पाइएन् । अत: मागमा आधारित भन्दा वितरणमुखि कार्यक्रम संचालन गर्ने पद्धतिमा सुधार गर्नुपर्दछ ।<br>**हेभी मेशिनको प्रयोग**:- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(९) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा एस्काभेटर र डोजर जस्ता हेभि मेसिनको प्रयोग गर्न सकिने छैन भनि उल्लेख छ । साथै लागत अनुमानमा तयार गर्दा हेभि मेशिन प्रयोग गर्नुपर्ने जटिलमा प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ । भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिइ त्यस्तो मेसिन तोकिएको परिमाणको लागि प्रयोग गर्न सकिने तर यसै उपनियम(९) को प्रतिवन्धात्मक वाक्याँशमा यस नियम विपरित हेभी मेसिन प्रयोग भए त्यस्तो उपभोक्ता समितिको वा लाभग्राही समुदायको सम्झौता रद्ध गर्नुपर्ने सम्मको प्रावधान रहेको छ । देहायको उपभोक्ता समितिको भुक्तानीमा हेभी मेसिनको संचालन र डोर हाजिरी समेत समावेश भएको भुक्तानी कागजातको विश्लेषण गर्दा हेभि मेसिनको अधिक उपभोग गरेको सम्बन्धमा छानविन गरी उपभोक्ता समिति मार्फत संचालन हुने क्रियाकलाप हेभि मेशनरी उपयोगमालाई दुरुत्साहन गर्नुपर्दछ । | |

| भौ नं मिति | कार्यक्रम/ क्रियाकलाप | उपभोक्ता समिति | मेशिन उपकरणको उपयोग | रकम |
|---|---|---|---|---|
| १३०-०७९।३।८ | घर्तिकाडा खागल सडकस्तोन्नती वडा नं ६ | सिम्लेचौर ढोलढुङ्गा उ स | प्रतिक्षा निर्माण सेवा एण्ड सप्लार्यसको बकेट खनेको (१०९ घण्टा ३९८३ ) | ४९०५८६।११ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | भाग्य लक्ष्मी आयल स्टोरबाट डिजल ३१८० लि | २०८७७४।२८ | |
| | | | | | | ग्रिल १० केजी दर रु ५०० | ५००० | |
| | | | | | | मेसिन प्रयोगको रकम | ९५१०९२।८६ | |
| | | | | | | डोर हाजिर २ थानबाट | ३०५१२० | |
| | | | | | | उ स लाइ खुद भुक्तानी रकम रु | ९५०००० | |
| | | | २७-०७९।१।१४ | टाटाबजार नारायण बस्ती स्यानाखोला सडक मर्मत | सडक मर्मत सम्भार उपभोक्ता समिति | अर्थ वर्कस एस्काभेटर समेत रु २४३१।६० क्युमि १४५।५० का दरले | २५३७९७।८० | |
| | | | | | | पहिरो पन्छाउने कार्य | १४००१।५० | |
| | | | | | | उ स लाइ खुद भुक्तानी रु | ९१६७५० | |
| | | | १८-०७८।१०।२४ | मोक्षद्धारी मन्दिर र पोखरी निर्माण तथा पूर्वाधार विकास चौरजहारी ३ | उपभोक्ता समिति मोक्षद्धारी मन्दिर निर्माण | बुढाथोकी कन्स्ट्रक्सन सेवा (२२७ घण्टा रु २४०० का दरले ) | ५४४८०० | |
| | | | उ स लाइ खुद भुक्तानी रु | | | | ९५०००० | |
| | | | २४-०७८।११।१० | टाटा पार्क गाउँ पार्क निर्माण चौरजहारी ३ | टाटागाउँ पार्क निर्माण उपभोक्ता समिति | एम बि कन्स्ट्रकसन(३३.५० क्यु मि रु २६५४।८७ दरले ) | १००५००।९० | |
| | | | भाग्य लक्ष्मी आयल स्टोर | | | | १९५१९ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th></th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td colspan="2"><table><tr><td></td><td>१।६८</td></tr><tr><td>उ स लाइ खुद भुक्तानी</td><td>९५००००</td></tr></table></td><td></td></tr>
<tr><td>४४.३</td><td></td><td></td><td colspan="2">जहारीखोला नमुना कृषि सहकारी:- भुमि,कृषि तथा सहकारी सम्बन्धि कार्यक्रम(संचालन व्पयवस्थापन) कार्यविधि,२०७८ को प्रालावनामा कर्णाली प्रदेश सरकारबाट भुमी व्यवस्थापन,कृषि पशुपन्छी पालना र सहकारी क्षेत्रको विकास तथा उत्पादकत्व वृद्धि एवं गरिवि निवारणको लागि उपलब्ध गराइने अनुदान रकम तथा संचालन हुने कार्यक्रमहरुलाई व्यवस्थित प्रभावकारी , पारदर्शि अनुमानयोग्य तथा प्रतिफलमा आधारित बनाउन बान्छनिय रहेको उल्लेख छ । नगरपालिकाबाट विभिन्न बजेट शिर्षक अन्तर्गत देहायका कार्यक्रममा जहारीखोला नमुना कृषक सहकारी संस्थामा गत विगत वर्षहरुमा समेत विभिन्न निकाय तथा नगरपालिका समेतबाट विभिन्न कार्यक्रममा अनुदान उपलब्ध गराएको देखिन्छ । उक्त सहकारी संस्था लि मार्फत आयालर जिविकोपार्जन,सुव्यवस्थित संचालन र नगरपालिका क्षेत्रमा पारेको आर्थिक सामाजिक प्रभाव सम्बन्धमा वृहङ् अनुगमन र निरीक्षण गर्ने गरेको पाइएन ।
<table>
<tr><th>सि नं</th><th>ब.उ.शि.नं</th><th>कार्यक्रमको नाम</th><th>बजेट वा सम्झौता रकम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>विविध खर्चखाता कोष र (बैंक ग २-६ )</td><td>टिस्युकल्चर प्रयोगशाला निर्माण तथा व्यवस्थापन खर्च</td><td>४००००००/</td><td>९८८०११४/-</td></tr>
<tr><td>२</td><td>८०६५९४०२५०१(संघिय सरकार सशर्त अनुदान )</td><td>मकैं वालिको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट क्षेत्र ) विकास</td><td>१५००००/-</td><td>१४२५००/-</td></tr>
<tr><td>३</td><td>८०६५९४०२५०१(संघिय सरकार सशर्त अनुदान )</td><td>उधोग ग्राममा पिसिसि वाल निर्माण</td><td>१००००००/-</td><td>९४०५००/-</td></tr>
<tr><td>४</td><td></td><td></td><td></td><td></td></tr>
</table>
उपरोक्तानुसार कार्यक्रमहरु आय आर्जन स्वरोजगारी वा रोजगारी सृजना,आर्थिक कृयाकलाप अभिवृद्धि गर्ने भन्दापनि सिमित व्यक्ति वा संस्थालाई मात्र फाइदा पुग्ने गरी अनुदान उपलब्ध गराउने गर्नाले राज्यको सिमित स्रोत साधनको सदुपयोग भएको मान्न सकिएन् ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td></td><td></td><td>
अनुगमन तथा सम्परीक्षण<br>
अनुगमन तथा सम्परीक्षण– स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४ (२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो बर्ष लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्ष सम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।सम्परीक्षण सम्वन्धि व्यहोरा अनुसूचि १ मा समावेश छ। सम्परिक्षण गरिएको छ ।
<table>
<tr><th>सि.नं</th><th>दफा</th><th>सम्परीक्षणको व्यहोरा</th><th>रकमरु.</th></tr>
<tr><td>१</td><td>५६</td><td>गत आ.व. 2077/078 शहिद स्मृति भवन निर्माण एम.वि. कन्ट्रक्सनलाईपेश्कि पछ्यौट बाँकि</td><td>791,576.00</td></tr>
<tr><td>२</td><td>५६</td><td>दाना उद्योग निर्माण वापत पुष्पा मनकामना जेभि पे फ गर्नबाँकि</td><td>938,104.00</td></tr>
<tr><td>३</td><td>५६</td><td>खानी मेशिन जे भि</td><td>8,037,000.00</td></tr>
<tr><td>४</td><td>३५</td><td>पे फ नभएको पुष्पा मनकामना जे भि</td><td>938,104.00</td></tr>
<tr><td></td><td></td><td></td><td>10,704,784.00</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>
अद्यावधिक बेरुजु स्थिति<br>
अद्यावधिक बेरुजू स्थितिः पालिकाको आर्थिक वर्ष २०७८।०७९ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छः<br>
नगरपालिकाले २०७९ को निर्वाचनको क्रममा सम्परीक्षण गरेको पत्रका आधारमा रु.११७४९००० र लेखापरीक्षणका क्रममा रु.१०७०४७८४ समेत जम्मा रु.२२४५४२८४ लगतबाट हटाई बाँकी वेरुजु देहाय अनुसार कायम गरिएको छ ।
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू(E=A-B+C+D)</th></tr>
<tr><td>१९१३६२०००</td><td>२२४५४२८४</td><td>५४८५६३५१</td><td>०</td><td>२२३७६४०६७</td></tr>
</table>
</td><td></td></tr>
</table>